
बौद्ध मासिक

# धर्म चक्षु



पोखरा माटेपानीस्थित कर्माग्यु परपरा धर्मचक्र दीपस्य विहार

# DHARMA CHAKSHU

मुल्य रु. १५/-

धर्मचक्र प्रवर्तन दिवसको उपलक्ष्यमा

कर्मसिद्ध परम्परा धर्मचक्र दीपश्य विहारद्वारा आयोजित

१९औं पोखरा उपत्यका व्यापी बुद्ध पूजाको

हार्दिक सफलताको लागि शुभकामना ।

it ITEMS

Mahendra Pool, Chipledhunga
Pokhara
☎- 061-32141

धर्मचक्र प्रवर्तन दिवसको उपलक्ष्यमा
कर्मसिद्ध परम्परा धर्मचक्र दीपश्य विहारद्वारा
यस वर्ष आयोजित १९औं पोखरा
उपत्यका व्यापी बुद्ध पूजा
पूर्ण रुपले सफल होस्, यही हाम्रो
शुभकामना छ।

Magan Gurung

**GURUNG TRADERS**

Mahendrapool, Pokhara-9, Nepal
Tel. 061-21591 (Shop)
25691 (Res), P.O.Box # 149

***Contact for: Radios, C.D.,***
Cassette Players, Watches,
Cameras, Calculators, Audio
Cassette & Electronic Goods
Q & Q Watch Wholesaler & Retailer

धर्मचक्र प्रवर्तन दिवसको उपलक्ष्यमा

कर्मसिद्ध परम्परा धर्मचक्र दीपश्य विहारद्वारा

आयोजित १९औं पोखरा उपत्यका व्यापी बुद्ध

पूजाको हार्दिक सफलताको लागि शुभकामना ।

Pro.Chhokel Gurung
**MANASULU FANCY STORES**
*Mahendra Pool*
*Pokhara, Nepal*
Tel.:- 0977-61-20085 (Shop),
0977-61-30138 (Res)

Remember For:-
Foreign Readymade Goods

धर्मचक्र प्रवर्तन दिवस
**आषाढ पूर्णिमाको उपलक्ष्यमा आयोजित**
१९औं पोखरा उपत्यकाव्यापी बुद्ध
पूजाको सफलताको लागि हार्दिक
**कामना ।**

*Pro. Ashun Gurung*
**dot.com**
**internet cafe**
Chipledhung, Pokhara
Tel.: 00977-61-26394, 32749
Tel.:/Fax: 00977-61-28240
E-mail:chhoten@mos.com.np

SERVICES:
E-mail, Internet, Telephone, Photo Scan
यहाँ विदेशमा सुपथ मुल्यमा फोन
गर्न पाइन्छ ।

# धर्म चक्षु

THE DHARMA CHAKSHU
A Buddhist Monthly
Pokhara, Nepal

**June-July : 2002**

धर्मशिला बुद्ध विहार, पोखरा

वर्ष - ६, अङ्क १, पूर्णाङ्क - १७/१८,
गुरु पूर्णी, असार/श्रावण २०५९

**प्रकाशक/प्रधान सम्पादक**
भिक्षु श्रद्धानन्द, फोन नं :- २०५१७

**सम्पादक**
तिलकमान गुभाजु

**व्यवस्थापक**
अनागारिका कर्मशिला
(संस्थापिका, धर्मशिला विद्वत वृत्ति)

**सह व्यवस्थापक**
युवा बौद्ध संघ
(विकाशरत्न शाक्य, चेतन सिं ताङ्वे, बलराम लामा)

**सहयोगीहरु**
याम कुमारी गुरुङ्, बलबहादुर अधिकारी, सनकमान सी.के.

**सम्पर्क कार्यालय**
१४४ - नयाँ बजार, पोखरा - ८
फोन नं. :- २०२४६

**कम्प्यूटर सेटिङ्ग**
मिन नारायण श्रेष्ठ

**मुद्रण**
हिमालयन अफसेट प्रेस
नयाँ बजार, पोखरा

धर्म चक्षुको यो अंक कर्मसिद्ध परम्परा धर्मचक्र दीपश्य विहारद्वारा प्रायोजित गरिएको हो ।


सम्पादकीय........................

## बुद्धको अहिंसावादको प्रचार गर्नु आवश्यक

शाक्यमुनि भगवान बुद्धको सिद्धान्त शान्ति, मैत्री र अहिंसामा आधारित छ। अहिंसामा आधारित सिद्धान्त भएकोले कतिपयले यसमा दम नभएको, बल नभएको, कमजोर सिद्धान्त भनेर अपव्याख्या गर्ने गरेको छन् । त्यसरी व्याख्या गर्नेहरुले बलियो हतियारको रुपमा हिंसा, हत्या र आगजनीको मार्ग अपनाउने गरेको छन् । यस्तो अपव्याख्या अन्यत्र भन्दा भगवान बुद्ध जन्मेको देश नेपालमा वढी हुने गरिएको छ ।

नेपालका माओवादीहरुले हत्या हिंसाको जुन मार्ग अपनाएका छन्, त्यो बुद्ध शिक्षादेखि विपरीत कुरा हो । त्यति मात्र होइन, यहाँको सरकार र संस्कार दुवै अहिंसात्मक सिद्धान्तको विपरीत छन् । यहाँ पशुवलि दिनुलाई पुण्य कार्य सम्झने गर्दछन् । जसको लागि सरकारले कोटा र बजेट विनियोजन गरेर प्रोत्साहित गर्ने गर्दछ। केही दशक पहिले नरवलि दिने पनि चलन थियो । त्यो अहिले हटेको जस्तो देखिएको छ ।

बलि पूजा, हत्या, हिंसामा देखेको रगत र लाश देख्दा देख्दै मानिसहरु यस्ता भएका छन् कि अहिले १०/२० जना मानिस मारियो भन्ने समाचारले पनि संवेदना उत्पन्न नगर्ने भएको छ। मानिसहरु यस्तो निष्ठुरी र निर्दयी भएका छन् ।

के यस्तै निष्ठुरी र निर्दयी नागरिक बनाउने राज्य र सरकारको उद्देश्य हो ?

के हत्या, हिंसाको मार्ग नै समस्याको स्थायी समाधान हो ?

के राज्य र नागरिकले यही मार्ग अवलम्बन गरेर हाम्रो भविष्यको निर्वाह होला भन्ने सोचेको छ ?

यी यस्ता प्रश्नहरु हुन जसको जवाफ राज्यका नीति निर्माता तहमा पुगेको व्यक्तिले दिनु पर्दछ। समाजका अगुवाहरु र धार्मिक नेताहरुले आफूले अपनाएको मार्गको परिणाम के भएको छ भन्ने ख्याल गरेर जवाफ दिनु पर्दछ ।

बौद्ध विश्वास अनुसार अहिंसारुपी हतियार सवभन्दा वलियो हतियार हो । भगवान बुद्धले यही अहिंसाको प्रयोग गरेर आफ्नो अभीष्ट प्राप्त गर्नु भयो, सिद्धान्तको प्रचार गर्नु भयो। आज बुद्ध धर्म विश्वव्यापी धर्म हुन पुगेको छ, तर कसैसग झगडा गरेर, वैमनस्य गरेर वा लडेर जितेर पुगेको होइन। शान्ति, मैत्री, अहिंसा र करुणाको शिक्षा लिएर तथा त्यसैलाई आधार मानेर पुगेको हो ।

नेपालकै राजनैतिक इतिहासमा पनि अहिंसाको जीत भएको छ। तर त्यसको महत्वको त्यत्ति बखान गरिएन । २०४६ सालको ऐतिहासिक जन आन्दोलन अहिंसात्मक थियो। जसले आशा गरे भन्दा छिटो सफलता प्राप्त गरि दिएको सर्वविदित छ । के त्यो आन्दोलन हिंसात्मक भएको भए दुई महिना नवित्दै प्रजातन्त्रको पुनर्वहाली हुने थियो र ? अहिंसाको यस्तो तथ्यमा आधारित वास्तविकता छँदाछँदै पनि मानिसहरु किन हिंसात्मक गतिविधि गर्दछन् यो बुझ्न नसकिने कुरा भएको छ। यो बुझ्न नसकिने यसकारण पनि भएको छ कि यहाँ बुद्ध धर्मको राम्ररी प्रचार नै भएको छैन । बुद्धको अहिंसावाद के हो, यसको महत्व के छ र अहिंसावादको परिणाम के भैरहेछ भन्ने वारे व्यापक प्रचार गर्नु आवश्यक छ। राज्यले पनि यस सम्बन्धमा सोचेर तदानुसार काम गर्नु पर्दछ भन्ने हाम्रो आग्रह छ ।

# द्वेष र क्रोधको कारण कडा बचन प्रकट हुन्छ

❐ भिक्षु जटिल

मानिसलाई नरम बोली बचन प्रिय लाग्छ र सबैले नरम बोलोस भन्ने चाहन्छन् । तर बोल्नु पर्दछ भनेर सिकाउनेहरुले नै कडा बचन प्रहार गरिरहेका हुन्छन् र अरुको चित्त दुखाउने गरेका हुन्छन् । घोचपेच गर्नु राम्रो होइन । त्यो बौद्ध शिक्षा अन्तर्गत पर्दैन । बुद्धको अभिव्यक्तिको शैली र सम्झाउने तरिका नै अर्कै छ । उहाँको नरम बोली र मैत्रीपूर्ण व्यवहारले मानिसहरु यति प्रभावित हुन्थे कि त्यसको प्रतिक्रिया स्वरुप अरुले पनि आफ्नो बोली र व्यवहारमा परिवर्तन ल्याउन बाध्य हुन्थे । हामी बौद्ध साधकहरुले यसमा विशेष ख्याल राख्नु पर्दछ ।

बौद्ध साधकहरु, उपासक उपासिकाहरुले पञ्चशील ग्रहण गरेकै हुन्छ । पञ्चशील ग्रहण गर्नु नै आफ्नो मन परिशुद्ध गर्नका लागि हो । तर अहिले पञ्चशील पनि परम्परा भएकोछ । त्यो बढ्दो छ । शील फेशन होइन, व्यवहार हो । यसलाई व्यवहारमा उतारेर देखाउनु पर्दछ । हाम्रा उपासक उपासिकाहरुले शील कतिपटक ग्रहण गरिसक्नु भएको छ । तर त्यसलाई व्यवहारमा कति लागु गर्नु भएको छ ? यो आफ्नै मनलाई सोध्नु पर्दछ ।

हाम्रो मन एक किसिमको ऐना हो । मन भित्र भएको कुरा अभिव्यक्तिको माध्यमबाट बाहिर छचल्किन्छ । बाहिर आएको अभिव्यक्ति र व्यवहारबाट त्यो मानिसको मन कस्तो छ र त्यसभित्र के छ भन्ने अड्कल गर्न सकिन्छ । कोही पनि मानिसले म यस्तो र उस्तो भनेर विज्ञापन गरेर मात्र राम्रो होइदैन । त्यो कस्तो छ भन्ने उसको व्यवहारले परिलक्षित गरेको हुन्छ । मानिसको मनभित्र द्वेष भाव छ भने, स्वभावत: त्यसको बोली बचन कडा हुन्छ । त्यसले धेरै घोचपेच गर्ने गर्दछ र अरुको चित्त दुखाउने गरी शब्दवाण प्रयोग गर्ने गर्दछ । त्यसले निहुं खोजिरहन्छ र सानो कुरा पाए त्यसैलाई ठूलो विषय बनाएर लड्न खोज्दछ । त्यसभन्दा बढी अझ त्यसको मनमा क्रोध र लोभ पनि छ भने त्यसले आफ्नो स्वार्थको लागि लड्ने मात्र होइन, कुटपिट गर्ने र र सानो ठूलो हत्या, हिंसा समेत गर्न उद्यत रहन्छ ।

त्यसैले भगवान बुद्धले देखाउनु भएको शील, समाधि र प्रज्ञाको मार्गमा शीललाई उहाँले सबभन्दा पहिलो स्थानमा राख्नु भएको हो । मानिसहरु ध्यान गर्दछन् । ध्यानको साधना गर्दछन् । साधना गर्दा गर्दै ठूलो साधक कहलिन सक्छन् । तर त्यसमा शील छैन भने त्यो व्यक्ति जतिसुकै महान भएपनि भित्रबाट त्यो खडिलो हुँदैन । अर्थात एउटा रुख मलजल पाएर ठूलो हुन सक्छ । तर ठूलो हुँदैमा त्यसको शोभा बढ्ने होइन, त्यसमा फल र फूल फल्यो भने त्यसको महत्व नै अर्कै । शील पनि त्यस्तै शोभा हो । शीलले हामीलाई शोभायमान गर्दछ, हाम्रो महत्व बढाउँछ ।

मान्छे पढ्ने लेख्ने गरेर, जान्ने बुझ्ने भएर विद्वान कहलिन सक्छ । बुद्धिजीवी हुन सक्छ । प्रज्ञावान पनि हुन सक्छ । तर त्यसमा पनि शील र सदाचार छैन भने त्यो प्राज्ञको शोभा र महत्व हुँदैन । शील नभएको विद्वान अहंकारी हुन्छ । घमण्डी हुन्छ । उसले अरुलाई वास्ता गर्दैन, अरुले पनि उसलाई वास्ता गर्दैनन् । अझ समाजमा एक्लिदै जान्छ । त्यसरी एक्लिएर बस्नु उचित हुँदैन । त्यो बौद्ध भावना अनुरुप पनि हुँदैन ।

भगवान बुद्धले कहिले पनि आफ्ना भिक्षुहरुलाई सुदूर ठाउँमा गएर एक्लै बस्न भन्नु भएन । उहाँले बुद्ध विहार पनि समाजको नजिकै निर्माण गर्न भन्नु भएको छ । त्यसको कारण प्राज्ञ व्यक्तिको, साधकको

प्रभाव समाजमा परोस भन्ने नै हो। तर शील छैन भने त्यसको प्रभाव राम्रो पर्दैन। शीलले मानिसलाई नरम, कोमल र सहृदयी बनाउँछ। सबैसँग मिल्ने बनाउँछ। हाम्रा कवि शिरोमणि लेखनाथ पौडेलले पनि भन्नु भएको छ - फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र ?

हाम्रो समाजमा शील भन्ने विषय आफैले आफ्नो व्यवहारमा परिलक्षित गरि देखाउनु भन्दा अरुलाई उपदेश दिने विषय मात्र भएको छ। शील र सदाचारको उपदेश दिनेहरु धेरै छन्, तर कार्यान्वयनमा गरेर देखाउनेहरु कम छन्। समाजका ठूलो प्रतिष्ठित भन्नेहरु पनि शील र सदाचारको पक्षमा पतित छन्। ती ठूलो बडाहरुलाई नजिकबाट नियालियो भने उनीहरुको कुकर्महरु धेरै देखिने छन्। हाम्रो समाजको यो दुर्भाग्य हो।

सामाजिक कुरा गर्ने हो भने हाम्रो समाजमा भ्रष्टाचार, घुसखोरी, तस्करी, अन्याय, अत्याचार र शोषणले भरिएको छ। हामी भ्रष्टाचार, घुसखोरीलाई नराम्रो भन्छौं। त्यसैवाट कमाएको सम्पत्ति र सम्पत्तिको मालिकलाई नराम्रो भन्दैनौं। जसरी भएपनि सम्पत्ति कमाएपछि उ समाजमा प्रतिष्ठित हुन्छ। उसको आदर र सम्मान हुन्छ। आजभोलि धार्मिक दृष्टिले पनि त्यस्ताहरुलाई चोख्याउने गरिएवाट भ्रष्टाचारी घुसखोरी आदिले अरु प्रोत्साहित हुने अवसर पाएका छन्। कतिपय समाचारमा आउने गरेको छ कि धार्मिक अनुष्ठानहरुमा मान्छेले राखेको चन्दाको आधारमा सम्मान मात्र होइन, अभिनन्दन पनि गर्ने गरिएको हुन्छ। धार्मिक व्यक्तिहरुको त्यस्तो प्रवृत्तिले इमान्दारको कदर र सम्मान होइन, जसरी हुन्छ पैसा कमाउनेको सम्मान हुने भएकोले समाजको आचरण र व्यवहार पतोन्मुख हुँदै गएको छ। पैसाको सस्तो प्रलोभनमा परेर धार्मिक व्यक्तिहरुले नै अधार्मिक मान्छेलाई प्रोत्साहन दिन थालेपछि धर्मको, सदाचारको र शीलको ह्रास हुनु कुनै आश्चर्यको विषय भएन।

हामी भिक्षुहरु माझ पनि समस्या उत्पन्न भएको छ। हामी उपासक उपासिकाहरुलाई धर्म देशना गर्दछौं, प्रवचन गर्दछौं तर त्यो धार्मिक व्यक्ति जसले भ्रष्टाचारी घुसखोरीलाई अभिनन्दन गर्दछन्, त्यसलाई केही गर्न/भन्न सक्दैनौं। अर्थात यसो भनौं त्यो हाम्रो कार्यक्षेत्र भित्र नै नपरेको जस्तो देखिएको छ। आजको समाज ज्यादै जटिल छ। राम्रो कुरा भन्दा पनि हस्तक्षेप गरेको आरोप आउँछ। बिग्रे बिग्रोस भनेर टुलुटुलु हेरि रहनेलाई खास केही हुँदैन। समाजलाई सुधार्न गाह्रो हुने मात्र होइन, सुधार गरौं भन्न पनि नहुने भएवाट हाम्रो कार्यक्षेत्र नै साँघुरिएको, सीमित भएको र संकुचित भए झै भएको छ। हामी भिक्षुहरुका लागि झन ठूलो समस्या भएको छ।

धर्मचक्र प्रवर्तन दिवस आषाढ पूर्णिमाको उपलक्ष्यमा आयोजित
१९औं पोखरा उपत्यकाव्यापी बुद्ध पूजाको सफलताको लागि हार्दिक कामना।

प्रो. मोहन गिरी

सागर स: मिल

सृजनाचोक, पोखरा-८
फोन : २५७८२ (अ), २५८०७ (घ)

यहाँ अर्डर बमोजिमको भरपर्दो काठका फर्निचर, त्रिकोश, चौकोस, झ्याङ्ग, ढोका, खापा र अन्य आकर्षक डिजाइनका फर्निचरका साथै सबै जातका चिरान काठ आवश्यक परेमा हामीलाई सम्झनुहोस्।

# धर्मचक्र प्रवर्तन दिवस अर्थात् धर्मरुपी चक्र घुमाईएको पर्व

☐ भिक्षु कोण्डनय, बुद्ध विहार

आज भन्दा २६२६ वर्ष अगाडी नेपाल राष्ट्रको लुम्बिनी शालोद्यानमा एकजना सुपुत्रको जन्म भयो, जसलाई भविष्यमा सर्व अर्थ सिद्ध गर्ने अर्थमा सर्वार्थ सिद्ध वा सिद्धार्थ भनी न्वारान गरियो । दरवारिया सुख-सयलपूर्ण वातावरणमा हुर्केका राजकुमारमा सानैदेखि असाधारण स्वभाव देखापर्‍यो । राजाको उत्तराधिकारी राजकुमारलाई एक सम्पन्न र शक्तिशाली राजा बनाउने अनेकौं प्रयासहरु भए । जस अनुसार दरवारिया सुखमा भुलाउन तन्नेरि हुँदै आएको अवस्थामा सबै भन्दा सुन्दरी यशोधरासँग विवाह गरिदियो । सम्भवत उनीहरुको दाम्पत्य जीवन त्यति रमाइलो भएन होला कि ? किनकी राजकुमारको मन भौतिक र सांसारिक सुख सयलमा झुकाव नभएर आध्यात्मिक सुख शान्तिको मार्गतिर अग्रसर हुँदै गयो र जीवन के हो ? वास्तविक सुख शान्तिको मूल गन्तव्य के हो ? जीवनको मूल गन्तव्य के हो ? के-कसरी त्यसलाई आत्मसात गर्ने ? जीवन मरणको चक्रलाई कसरी टुङ्याउने ? यसरी जीवन र जगतको विषयलाई लिएर राजकुमार को हृदयमा चिन्तन भई नै रहयो । अन्तमा दरवारको सुख सयलपूर्ण वातावरणलाई तिलाञ्जली दिने निर्णय गरी आषाढ पूर्णिमाको दिन राजकुमार सिद्धार्थले राजपाठ, सुखैश्वर्य सारा वैभवलाई त्यागेर दुःख र दुःखबाट मुक्त शान्तिगामी मार्ग खोज्न वहुजन हिताय वहुजन सुखायको लक्ष्य बोकेर जगतोद्धारको निम्ति २९ वर्षको भद्र यौवनमा महाभिनिस्क्रमण गरे । सिद्धार्थले फरक-फरक धर्म सम्प्रदायका धर्मगुरुहरुसँग सत्सग गर्दै शास्त्र सम्मत ध्यान भावना सिके उनले ६ वर्ष सम्म कष्ट एव पीडादायक घोर तपस्या गरे । कट्टरवादी भएर खाने कुरा समेत त्याग गरे तापनि ज्ञान लाभ भएन । त्यसबाट सत्य प्राप्तिको बाटो पाउन नसके पछि खाना खान थाले उरुवेलाको वनमा गएर ध्यान भावना गरे । उनले आध्यात्मिकता प्राप्तिका लागि भौतिक वस्तु पूर्ण रुपले छोडेर सम्भव नहुने तर भौतिक वस्तु प्राप्तिको लागि आध्यात्मिक विषय गौण हुन सक्ने कुराको विस्तारै थाहा पाउँदै आएदेखि कट्टरवाद, कष्टवाद एव पीडादायक मार्ग त्यागेर मध्यम मार्ग अपनाएर स्वय आफ्नो शरीर मा भएको क्रिया-प्रतिक्रियालाई उनले गहिरिएर हेर्न आनापाना विपश्यना, विदर्शना आदि भावना गर्दै अनुलोम - प्रतिलोम प्रकृयालाई नटुटाईकन निरन्तर रुपमा बढाउँदै लगे । त्यसमा निरन्तरता भाव वृद्धि भएर, राजकुमारले विस्तारै आफ्नो हृदयलाई बाँधन सके, चित्तको भाव एकचित्त र एकाग्र भएर समाधिस्त अवस्थामा बलियो हुँदै गयो । तव उनलाई उत्पत्ति भई विनाश भएर जाने, परिवर्तन भएर जाने स्वभाव अर्थात् च्यूति उत्पत्ति ज्ञान प्राप्त भयो । जीवन मरणको चक्र राम्ररी बुझिँदै आयो । संसारको यथार्थ तत्वलाई अवबोध गरी लिने क्षमता विकास भयो । पछि चार आर्य सत्यलाई यथार्थ रुपले बुझी, जानी लिए । प्रतीत्य समुत्पाद दर्शन आत्मसात भयो । परिणामस्वरुप ज्ञान चक्षु प्राप्त गरे, ज्ञान पाए, प्रज्ञा पाए, आलोक पाए, तव सारा आश्रवक्षय भएर कलुषित भावको लेस शून्य हुँदै गयो, हृदय सफा सुन्दर भएर शान्ति प्रीतिरुपी फूल फुल्न थाल्यो । यस बेला नै राजकुमारलाई सम्यक सम्बोधि ज्ञान, बोधिज्ञान वा वुद्धत्व ज्ञान लाभ भयो ।

वुद्धत्व ज्ञान लाभ गरी सक्दा तीन महिना सम्म बुद्धको जीवन चरित्र प्रचार प्रसारतर्फ अग्रसर हुन सकेन । गुप्तवास र प्राप्त गम्भीरातिगम्भीर धर्मलाई धर्मामृत पान गर्दै नै दिन बित्दै गयो । तव लोक सेवा देखि लिएर धर्म दर्शन प्रचार प्रसारको कुरामा बुद्धको हृदयमा अन्तर्द्वन्दले जरा गाड्यो । सुखमा सुख खोज्नेहरु, दुःखमा डुबेर सुख खोज्न गाह्रो मान्ने प्रवृत्ति भएकाहरु, भौतिक वस्तुमा मात्र लालयित हुने स्वभाव भएकाहरु, जुनसुकैमा पनि तत्काल जवाफ वा परिणाम खोज्ने लोक जनको बीचमा आदर्शपूर्ण नैतिकताको उपदेशात्मक

धर्म-व्याख्यान गर्दै जानुका परिणाम सकारात्मक देखिदै जाने पो हो कि ? भने भ्रै निराशावादी प्रवृत्तिले हावी हुन नपाउँदै असंख्य मानिसहरुको बीचमा एक-दुईजना मात्र भएपनि धर्म व्याख्यान गर्दा जीवन सुधार र सार्थक गर्नेहरु पनि कसो नहोलान् यति ठूलो धर्तीमा ? भने भ्रै आशावादी भाव पनि हृदयमा टुसाउन थाल्यो ।

तव सारनाथमा बसिरहेका पञ्च भद्र वर्गीयहरु क्रमैले कोण्डञ्य, वप्प, भद्दिय, महानाम र अस्सजिहरुका बीचमा बुद्धले आफूले प्राप्त गरेको धर्म-दर्शनलाई लोकमा धर्मरुपी चक्र (चक्का) घुमाउने कार्य, धर्मलाई चारैतिर फैलाउन, जनमानसमा बुलन्द पार्न पहिलो पल्ट उद्घोष गरी शुभारम्भ गर्नु भयो । यसैलाई 'धर्मचक्र प्रवर्तन सूत्र' भनिने गरिन्छ । यो सूत्र आषाढ पूर्णिमाको दिनमा नै देशना गर्नु भएको हो । अव यस सूत्रका बारेमा चर्चा गर्नु प्रासागिक हुनेछ ।

## "धर्मचक्र प्रवर्तन सूत्र"

द्वे मे भिक्खवे अन्ता न सेवितव्वा कतमे द्वे ? (१) काम सुखल्लिकानुयोगो, (२) अत्तकिलमथनुयोगो । यस सूत्रमा बुद्धले दुई अन्तको सेवन गर्न नहुने र त्याज्य भनी नियम बनाउनु भएको छ । काम सुखलिकानुयोगो अर्थात् काम-विषय वा अति मोजमस्ती गर्ने, स्वच्छन्दवादी (यौनिक कार्य) भएर काममा पतित् भएमा वर्तमान समयमा सुखद जस्तै लागे तापनि भविष्यमा दुःखद् परिस्थिति आउने हुन्छ । नाँगो बस्नु, मुत्ताचार हुनु, धर्मको नाममा धर्म प्राप्तार्थ शरीरलाई दुःख कष्ट दिएर साधना गर्नु, अति नै गर्मी भएको बेला अग्नि देवता सम्झेर चारैतिर आगो बालेर आगो ताप्नु, जाडोले थर थर कामेतापनि पाप पखालेर लान्छ भनी पानीमा डुबेर स्नान गर्दै हिंडेमा वर्तमान अवस्था दुःखद हुन्छ भने भविष्य पनि दुःखद हुन्छ ।

अनित्य, दुःख, अनात्म (जस्लाई त्रिलक्षण पनि भन्दछ) लाई बुद्ध दर्शनको रुपमा अंगिकार गरिन्छ । अनित्य, दुःख र आनात्मवाद भित्र मानिसले चार आर्यसत्य, क्षणिकवाद, प्रतीत्यसमुत्पाद, अभौतिकवाद, अनिश्वरवाद, निर्वाण आदि विषयलाई बोध गरी लान सक्दछ । पहिलो धर्म रुपी चक्र घुमाउने धर्मोपदेश अति नै महत्वपूर्ण छ । यस सूत्रभित्र हामीले बौद्ध दर्शनलाई बुझ्न सक्दछौं । यस सूत्रको देशनाको पाँचदिन पछि बुद्धद्वारा जुन अनत्त लक्खण (अनात्म लक्षण) सूत्र देशना भएको हो, त्यस्मा अनात्मवादलाई स्पष्ट गरी दिइएको छ ।

लोकमा कुनै पनि वस्तु यस्तो छैन जुन स्थीर भई बस्छ, जस्को स्वभाव एउटै रुपमा भइरहन्छ, जस्लाई नित्य, ध्रुव, शाश्वत र अविपरिणाम धर्म भन्न सकियोस् । बुद्ध-दर्शन अनुसार सब्ब अनिच्चं अर्थात् जीवन-जगत साथै यससँग सम्बन्धित जुनसुकै वस्तु, अवस्था आदि यावत सांसारिक भौतिक सुख भनेको क्षणिक र गौण सुख मात्र हो । त्यसैले सुख पाउँछ भन्दा भन्दै दुःखको भुमरीमा अल्झिने हुन्छ भने हरेक वस्तु अनित्यताले प्रभावित भएको हुन्छ । उत्पत्ति हुन्छ, विनाश हुन्छ, देखापर्छ, टाढिएर जान्छ, राम्रो भनी सम्झिएको नराम्रो भएर जान्छ भने नराम्रो भनी सम्झिएको र छि छि दुर दुर गरेको राम्रो भएर सुन्दर लोभलाग्दो, बोकेरै हिंडु हिंडु गरौं जस्तो आशक्ति वृद्धि हुन्छ, मिलन हुन जान्छ भने यसैमा विछोड पनि गराउँदछ, राम्रो जीवन यापन गर्दा गर्दै विचलन पनि आउन सक्दछ । खराब व्यक्तिको हृदय परिवर्तन भएर एक महान व्यक्ति सम्म पनि हुन सक्दछ । वास्तवमा जीवन आरोह-अवरोह, ओरालो-उकालो, सुख दुःख, रात-दिन, जाडो-गर्मी, विकास-विनाश, धर्म-अधर्म, हुने-नहुने भन्ने एउटै भई राख्दैन । स्वभावतः चक्र (चक्का) अनुसार अनित्य भनिएको हो ।

जन्म (जाति), बृद्धावस्था (जीर्ण), व्याधि, मृत्यु, शोक, सन्ताप र विलाप हुनु, शारीरिक देखि मानसिक पीडाले चित्तमा अशान्ति हुनु, मन नपर्नेसँग सहवास गर्नु, मनपरेकोबाट विछोडिएर बस्नु, इच्छा भए अनुसार

पुग नहुनु जस्ता अवस्थाहरु हुन्छन् । यसैलाई वास्तवमा दुःख आर्यसत्य भनिन्छ भने यसलाई संक्षेपमा पञ्चउपादान स्कन्ध अर्थात् रुप, वेदना, संज्ञा, संस्कार र विज्ञान भनिन्छ । जुन रागयुक्त तृष्णाले फेरी नयाँ जन्मलाई बनाउँछ, जसमा आनन्द मानेर टाँसिने स्वभाव हुन्छ, देखेपिच्छे वस्तुहरुमा आत्म भाव बढाएर, त्यसैको आरम्मणमा आनन्द र रमाइलो मानेर बस्ने तीन तृष्णाहरु, जस्तै (१) काम, (२) भव र (३) विभव हुन् । यसैलाई नै दुःख समुदाय आर्यसत्य भनिन्छ । तृष्णालाई एकरति पनि नराखेर त्याग, निरोध र नाश गर्नु, त्यसैबाट मुक्त भएर अनाशक्त हुने अवस्था पनि छ, जस्लाई दुःख निरोध आर्यसत्य भनिन्छ । दुःखको यथार्थतालाई स्वीकार गर्दै त्यस्को कार्य कारणलाई जानेर जुन निरोधतिर बढ्दै जानुपर्ने हो, त्यसमार्गलाई मध्यम मार्ग भनिन्छ ।

यसैलाई मज्झिम प्रतिपदा वा आर्य अष्टांगिक मार्ग पनि भनिन्छ । दुःख के हो, तृष्णाको अन्त्य गर्नाले दुःख नाश हुन्छ, कुशल र अकुशल चिन्ने र त्यसको कारण बुझ्नु अर्थात् ठीक समझदारी-सम्यक दृष्टि हो । नैष्क्रम्य, अव्यापाद, अविहिंसालाई दृढतापूर्वक पालन गर्नु अर्थात् जीवन सार्थक हुने गन्तव्यतिर पुग्ने संकल्पलाई सयुक्त संकल्प भनिन्छ । मुखलाई संयम गरेर, अपराधिक कर्मबाट टाढिएर, सत्यवादी भएर अप्रिय र कटु वाक्य नबोली नरम, आनन्दित हुने वचन बोल्नु सम्यक वचन हो । जीव हिंसा, चोरी, व्यभिचार आदि नराम्रा कुकर्म देखि टाढिएर, निश्वार्थी भएर परार्थी हुने काम सम्यक कर्मान्त हो । शोषण दमन भ्रष्टाचार, अत्याचार र अन्याय गरी जीविकोपार्जन नगर्ने, शास्त्र, मसु दिबु, प्राणी र मानिस (देहव्यापार, दासप्रथा) को व्यापार नगर्नु सम्यक आजीविका हो । अनैतिक काम देखि टाढिएर मानसिक र चेतसिक नियन्त्रण गरी आत्मनियन्त्रण अभिवृद्धि गर्ने तिर अग्रसर हुने सम्यक व्यायाम हो । जीवनमा भइरहने जीवन प्रवाहलाई र कुशल अकुशल प्रति सजग भएर निरन्तर होस् नराख्नु, जसबाट शुभ संस्कारको सञ्चय हुन्छ, यसलाई सम्यक स्मृति भनिन्छ, भावनामय विषयमा आनन्दित भएर चित्त एकाग्र गर्ने खुबि विकास गर्ने, जसबाट जीवन के हो भन्ने कुरा विस्तारै बुझेर आउने छ, विस्तारै चित्त एउटै आलम्बनमा समग्र भई बस्छ, त्यसपछि दुर्गुण कलुषित भाव दबेर अलग भएर प्रीति सुखानुभूति प्राप्त हुन्छ, त्यस अवस्थालाई नै सम्यक समाधि भनिन्छ ।

उपरोक्त भावलाई हेरेर हामीले चार आर्यसत्य वा दुःख दर्शन सम्बन्धि कुराहरु बुझ्न सक्दछौं । पहिले सुन्न नपाइएका यी धर्महरुमा आँखा प्राप्त भयो, ज्ञान पाइयो, प्रज्ञा पाइयो, विद्या पाइयो, आलोक पाइयो, भनी धर्मचक्र सूत्रमा बुद्धले दिनु भएको छ । त्यसरी नै अर्को उद्गार गर्नुभएको छ - 'जबसम्म मैले यी चार आर्यसत्यको यथार्थ विशुद्ध ज्ञान देखिन तब सम्म मैले त्यसरी दावा गरिन । अनुत्तर सम्यक सम्बोधिलाई मैले बोध गरे । जब मैले बोधगरे, त्यसबेला मात्र मैले दावा गरे, मैले ज्ञानले देखे, मेरो मुक्ति अचल छ । यो अन्तिम जन्म हो । अब फेरि आवगमन (पुनर्जन्म) हुने छैन ।

धर्मचक्र सूत्र अनित्य दुःख सम्बन्धिको मात्र होइन अनात्मवाद बारेको पनि त्यो महत्वपूर्ण उपदेश हो । अनित्य दुःख र अनात्ममा पनि अनात्म भनेको सबै भन्दा बुझ्न गाह्रो विषय भएको छ । अनित्य र दुःखलाई आत्मसात गर्न सजिलो हुन सक्छ सायद । अनित्यताको यथार्थतालाई स्विकार गरी दुःखलाई अपनाउनु पनि सजिलो हुन सक्छ तर अनात्मभाव वृद्धि गर्न धेरै धेरै नै गाह्रो हुन्छ । अनित्य र दुःखलाई मात्र बुझेर अनात्मभाव हटाउन नसके सम्म भिक्षु वा त्यागी नै भएता पनि यो अवस्थामा हिंडि रहनेहरुलाई नदी तर्न नसकेर नदी किनारमा दौडिरहेका सम्म भन्न सकिन्छ । मज्झिम निकायको सब्बासव सुत्त (क/२) मा बुद्धले यसरी भन्नु भएको छ - 'आत्मवाद दृष्टिगत, दृष्टि गहन जंगल, दृष्टिको काँडा, दृष्टि जाल हो । यस्तो जालमा परेका अज्ञानी नै जन्म जरा, मरण, शोक, विलाप, दुःख दौर्मनश्य तथा हैरानीबाट मुक्त हुन सक्दैन, दुःख पिरदेखि मुक्त हुँदैन ।

धर्मचक्र सूत्रमा दुई अतिवादलाई छोडेर मध्यम मार्गीय हुनु पर्नेमा जोड दिनु देशना गर्नु भएर बुद्धले

मध्यम मार्गको आध्यात्मिक दर्शनभूमिका रुपमा पञ्च भद्र वर्गीयहरुको समक्ष अनात्म लक्षण सूत्र देशना गर्नु भएको हो । यसमा 'रुप अनात्म हो । यदि यो रुप आत्मा (आफूले भने जस्तो) भएको भए यो रुपमा रोगादि भय, मन नपर्ने, पीडा नहुनु पर्ने हो । यो रुप यस्तो होस् भनेता पनि आफूले भने जस्तो नहुने, यो रुप यस्तो नहोस् भन्दा आफूले नभने जस्तो भएर आउने हुनाले यो अनात्म हो । वेदनामा रोगादि नहोस् भन्दा भएर आउने, संज्ञामा निरोगी आदि होस् भन्दा नहुने, संस्कार यसरी होस् भन्दा त्यसरी नहुने वा विज्ञान यसरी होस् भन्दा भने अनुसार नभएर विपरीत तरिकाले हुने हुनाले यी सबै अनात्म हुन् भनी उपदेश आज्ञा गर्नु भएको छ ।'

रुप, वेदना आदि पञ्चस्कन्ध नित्य होइन, सारा अनित्य हुन् । अस्थिर हुन्, नित्य र धुव होइनन् । संसार का सारा वस्तु नै संयोजित मात्र हुन् । त्यसैले सबै प्रतिपल, प्रतिक्षण नै प्रवाहमय हुँदै जान्छ, जुन गतिशील पनि हुन् । त्यसपछि यी क्षण प्रतिक्षण बदलिंदै परिवर्तनशील स्वभावमा डुबेर रहने गर्दछन् । धर्मसंस्कार आदि साराका सारा नै हेतुद्वारा परिचालित भएर विकास हुँदै जाने हुनाले हेतु प्रत्यय (कार्यकारण) विना यहाँ त्यस्ता केही पनि छैन, त्यस्ता कोही पनि छैन । जुन अनित्य हो, दुःख र परिवर्तनशील हो, ती सबै दुःखदायक छ । त्यसैले 'यो मेरो हो', 'यो म हुँ', 'यो मेरो आत्मा हो' भनेर भन्नु भ्रम हो । रुप, वेदना, संज्ञा, संस्कार र वेदना सारा अनित्यले प्रभावित हुने हुनाले यी सबै दुःखका कारक हुन् जुन सबै अनात्म हुन् । वास्तवमा म, मेरो भनेको आत्मभाव एउटा व्यवहारिक अनुसार भनिएको मात्र हो । जस्तै कि यौटा गाडीमा यस्को पार्टपूर्जा एक एक गरी छुट्याएर राखेमा गाडी भन्ने नाम अस्तित्व (आत्मभाव) लोभ भएर फरक फरक पार्टपूर्जाको फरक फरक नाम लिने गरिन्छ ।

बुद्धले त्यसैले यस प्रकार आज्ञा गर्नु भएको देखिन्छ - 'पहिलेको, पछिको वा अहिलेको होस्, आफूमा भएको भित्रको वा बाहिरको, ठूलो वा सानो, अहितकारी वा हितकारी, टाढाको वा नजिकको जस्तो सुकै होस्, रुप, वेदना, संज्ञा, संस्कार र विज्ञान मेरो होइन म होइन र मेरो आत्मा होइन भन्ने यथार्थ प्रकारले सम्यक प्रज्ञाले हेर्नु पर्दछ ।


कर्मसिद्ध परम्परा धर्मचक्र दीपश्य विहार,

**मनाङ गुम्बाद्वारा २०५९ श्रावण ८ गते आयोजित**

१९औं पोखरा उपत्यका व्यापी बुद्ध पूजाको सफलताका लागि

**हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

**उर्मिला हिटाचन**
**नेपाली खाना**
**चिप्लेढुङ्गा-४, पोखरा, फोन : २६०४४**



**कृष्ण हिटाचन**
**द नेट**
**चिप्लेढुङ्गा-४, पोखरा, फोन : २३३९९**


**वैरले कहिल्यै वैरभाव शान्त हुँदैन । मैत्री भावले नै वैरलाईशान्त गर्न सक्छ । यही सनातन धर्म हो ।**

**- भगवान बुद्ध**

# कर्मसिद्ध परम्परा धर्मचक्र दीपश्य विहार : एक चिनारी

❑ ओङगेल गुरुङ (लामा), राजेश श्रेष्ठ

"चिनारी" भन्ने वित्तीकै चाहे त्यो भौतिक वस्तु नै किन नहोस वा चाहे त्यो अभौतिक वस्तु नै किन नहोस् त्यसको क्षेणिक वा दीर्घकालिन रुपमा कुनै न कुनै रुपमा चिनिन्छ। त्यसैले कुनै चिजको चिनारी दिनु भन्दा पहिला, त्यसको मेरुदण्डलाइ चिन्नु उपयुक्त हुन्छ । त्यसैले यहाँ बौद्ध धार्मिक स्थलको वारेमा 'चिनारी' दिनु भन्दा पहिला यस स्थलको मेरुदण्डलाई भुल्नु भनेको एउटा जिउदो लासको व्याख्या गरे जस्तो हुन आउँछ । त्यसैले यहाँ बौद्ध धर्मको मेरुदण्ड भन्ने वित्तिकै विश्वका हरेक बौद्ध धर्मावलम्वीहरुको मनमा एक व्यक्तिको नाम आउँछ । जसलाई हामी विश्व शान्तिका अग्रदूत, अहिंसा र मानवतावादी बोधीचित्त "गौतम बुद्ध" भनेर चिन्छौं । साथै उहाँकै पथमा (उपदेशमा) आज हामी सारा विश्व वासी चल्नु पर्ने देखिन्छ । किनकी हाल विश्वमा देखिएको हाहाकार, दाजुभाईमा काटमार जस्ता कारणले गर्दा आज विश्व २१औं शताव्दीमा आएर पनि गौतम बुद्धको उपदेशलाई अंगाल्न सकेको छैन । यदि सिद्धार्थ गौतमबुद्धले आफ्ना विलासी जीवन त्याग नगरी त्यसैमा रमाएका भए आज बौद्ध धर्म एवं धार्मिक स्थलहरु मौलाउने थिएनन् होला । तर उहाँले आफ्नो स-परिवार एवं भोग विलासी जीवन त्याग गरी २९ वर्षको उमेरमा भिक्षुको रुपमा दरवारबाट हिड्नु भएको थियो । जसको परिणाम आज बौद्ध धर्मावलम्वीहरु एवं सारा नेपालवासीहरु गौतम बुद्धका शिष्य वा सन्तती हौ भनेर चिनाउदा सारा नेपालीको शीर गर्वले माथि उठ्छ । तर दूरभाग्यवश भनौ या समय परिस्थितिले गर्दा आज विश्वबाट बौद्ध धर्म क्रमिक रुपमा लोप हुने देखिन्छ । किनकी आज हामी हाम्रै दाजु भाईलाई मार्न पनि पछि पर्दैनौं साथै आजका युवाहरु पश्चिमी शैलीमा रमाएको देखिन्छ । जसबाट हामी के निष्कर्ष निकाल्न सक्छौं भने गौतम बुद्धले दिनु भएको (छोडेर जानु भएको) उपदेश आज सारा नेपाल वासीले भुलेको जस्तो देखिन्छ । जुन उपदेशलाई भुल्नु भनेको आफ्नो शरीरको कुनै अंग काटेर फाल्नु जस्तो हो । त्यसले आज यस धर्मलाई संरक्षण एवं प्रवर्द्धनका साथै सिद्धार्थ गौतम बुद्धको उपदेशलाई ओझेलमा पर्न नदिनका लागी हाम्रो देशको हरेक क्षेत्रमा बौद्ध धार्मिक स्थल (गुम्वा) खोलिनु आवश्यक छ। यसरी बौद्ध धर्मको पथमा चल्ने अठोट एवं शिरधार्य गर्दै आएको एक पुरानो र स्वच्छ धार्मिक स्थलको नाम लिनु पर्दा "कर्मसिद्ध परम्परा धर्मचक्र दीपश्य विहार" को नाम अग्र पंक्तिमा आउँछ ।

नेपालको मुटु पोखरा त्यस माथि पनि पर्यटकीय स्थल एवं स्वच्छ, सुन्दर र शान्त रमणीय स्थल हो । जसबाट हामी के भन्न सक्छौं भने यस स्थलका सारा नेपाली वासीले सिद्धार्थ गौतम बुद्धको उपदेशलाई आत्मसाथ एवं अङ्गिकार गरेको देखिन्छ । त्यसकारण यस सुन्दर नगरी पोखरा एक धार्मिक स्थलको रुपमा पनि चिरपरिचीत छ । पोखरा शहरको मुटु पूर्व पश्चिम ३ कि.मी.पर, मुख्य बाटोबाट ४०० मि. उचाईको डाँडामा अवस्थित गुम्बा, एक त शहरी कोलाहलबाट पर रहेको छ भने अर्को तिर एउटा पर्यटकीय स्थल पनि बनेको छ । यस "माटेपानी गुम्बा" अन्नपूर्ण हिमाल र माछापुच्छ्रे हिमालको काखमा अवस्थित रहेको छ । जसको कारण यहा दर्शन गर्नआउने धर्मावलम्वीहरु गौतम बुद्धको पथमा चल्ने प्रण गर्छन् भने अर्को तिर यहाँ आएर यहाँको वातावरणसँगै घुलमिलेर आफूलाई भुल्न पनि पछि पर्दैनन् । यसरी आजको सुन्दर 'गुम्बा' को परिचय दिनु भन्दा पहिला अतितको पन्नालाई सम्झनु हाम्रो कर्तव्य हुन आउछ । आजको सुन्दर गुम्बा बन्नुमा अतितको पन्नाको ठूलो देन रहेको छ । त्यसैले यस अतितको पन्ना आज सारा बौद्ध धर्मावलम्वीहरुको अभिन्न अंग बन्न पुगेको छ ।

## अतित:

अतितको पन्ना भित्र रहेको दुःख कष्टलाई आज सम्झनु पर्दा हाम्रो शरिरको अङ्ग प्रत्यङ्गको रौं सिरिङ्ग भएर आउँछ। त्यसैले अतित भनेको जग हो, जुन बिना घर निर्माण गर्न सकिदैन। बौद्ध धर्मको विस्तार गर्ने हेतुले "मनाङ्ग निस्याङ्ग समाज" द्वारा यस स्थलमा पनि 'गुम्बा' निर्माण गर्नु पर्छ भन्ने इच्छा प्रकट भए अनुसार मिति २०१६ सालमा सिक्किम गई राय सल्लाह माग गर्दा, १६औं अवतार "ग्याल्वा कर्मपा" ले ध्यान गरी हेर्दा पोखराको काहुँ गा.वि.स. माटेपानीमा उपयुक्त ठाउँ रहेको जसबाट भविष्यमा आउँदो पिढीलाई कल्याण एवं राम्रो हुनेछ भन्ने राय प्रकट गरे अनुसार "मनाङ्ग निस्याङ्ग समाज" ले सोही साल श्री ५ को सरकारसँग गुम्बा निर्माणका लागी जग्गा माग भए अनुसार मिति २०१६ सालमा यस गुम्बालाई जग्गा हस्तान्तरण गरियो। जग्गा प्राप्त भएको १ वर्ष पछि वा मिति २०१७ सालमा बौद्ध धर्मावलम्वीहरुका लागि कच्ची माटो, ढुङ्गाद्वारा निर्मित गुम्बाको विधिवत रुपमा स्थापना भएको थियो। यसरी स्थापना भएको बौद्ध गुम्बा सुरुका दिनहरुमा व्यवस्थित गुम्बा निर्माण नभएका कारण, यस स्थलमा धर्म भिक्षुहरुको अभाव देखिन्थ्यो बाहेक १ चौकिदार ४०० मी. उचाई डाडामा अवस्थित रहेका कारण खानेपानी देखि आवतजावतका लागि पक्की सडकको व्यवस्था थिएन। जसको बावजुद पनि समयको परिवर्तनसँगै क्रमिक रुपमा धर्म भिक्षुहरुको संख्यामा सख्यात्मक वृद्धि हुँदै गएको थियो। खाने मुखलाई जुंगाले छेक्दैन भने झै विभिन्न कष्टहरुको सामना गरेर भए पनि १५-१६ जना भिक्षुहरुले त्यस समयमा बौद्ध धर्मको प्रचार प्रसार गरेका थिए। यसरी समयको बगाईसँगै यहाँ रहेका सीमित भिक्षुहरुले एक मुख्य गुरुको आवश्यकताको अनुभवि गरेका थिए। जसरी एउटा परिवारमा बाबा आमा छ भने छोरा छोरीको भरणपोषण पनि राम्रो हुन्छ तर बाबा आमाको हात छोरा छोरीको शिर माथि छैन भने भरणपोषण पनि राम्रो हुँदैन। त्यसरी नै भिक्षुहरुको शीरमाथि एक गुरुको हात राख्नु अपरिहार्य देखिएको साथै 'मनाङ्ग निस्याङ्ग समाज' को पनि इच्छा भएको कारण वि.स. २०३८ सालमा १६ औं अवतार 'ग्याल्वो कर्मापा' ज्यूले सो जिम्मेवारी वहन गर्ने एक गुरुको रुपमा हुनु पर्ने सबै गुण १औं अवतार लामा डेदेन रिम्पोछेमा देख्नु भई उहाँलाई सो जिम्मेवारी पवित्र रूपमा छानी पठाउनु भयो। यसरी उहाँ आएपछि वर्षौं देखि ओझेलमा परेको धर्म मार्ग निर्देशनलाई सही मार्ग निर्देशन दिनुका साथै हालको व्यवस्थित गुम्बाको निर्माणमा जिउज्यान लगाएर निर्माण कार्य पुरा गर्नुभयो।

## हालको व्यवस्थित गुम्बा:

हालको व्यवस्थित गुम्बा बन्नुमा एक व्यक्तिको मात्र हात नभई धेरै बौद्ध धर्मावलम्वीहरुको हात रहेको छ। जसको कारण आज यस गुम्बाले मूर्त रुप लिनुका साथै सबै जनमानसलाई शितल छहारी प्रदान गर्दै आई रहेको छ। जसरी एउटा बिरुवा पूर्ण रुपमा विकसित हुनका लागि समयको आवश्यक पर्छ त्यसरी नै यस गुम्बा पूर्ण रुपमा तयार हुनका लागि धेरै बर्ष लागेको थियो। जहाँ इच्छा त्यहाँ उपाय भने झै मान्छेले आट्यो भने के हुँदैन र केबल स्वच्छ, निश्चल भावना र तपस्याको आवश्यक पर्छ। जुन कुरा पूर्ण रुपमा १औं अवतारी लामा डेदेन रिम्पोछेमा हामीले पाउन सक्छौं। जसका कारण आज सारा पोखरा वासी गर्वका साथ सो हाम्रो 'गुम्बा' हो भन्न पाएका छौं। यस गुम्बाको वर्णन गर्नुपर्दा डाँडाको बीच भागमा मुख्य गुम्बा निर्माण गरिएको छ। जसको उचाई ६० फिट साथै ४ तलाको भवन निर्माण गरिएको छ। सबै भन्दा तल्लो तलामा १० फिट अग्लो भगवान गौतम बुद्धको मुर्ति रहेको सो मुख्य भवनको तल्लो तलामा भगवान गौतम बुद्धको जिवनी १२औं खण्डमा भित्ताको चारै तिर उद्रित (लेखिएको) गरिएको छ पुरानो गुम्बाको मुख्य भवन भित्र रहेको बुद्धको मुर्ति हाल मुख्य गुम्बा भन्दा २५० फिट पर पश्चिम दक्षिण भागमा राखिएको छ। जुन

मुर्ति वरिपरी १८० वटा मनि *(Mani)* राखिएको छ । प्रशासनिक कार्यमा सुधार ल्याउनका लागि एउटा प्रशासनिक 'अफिस' को पनि निर्माण गरिएको छ । जसबाट आयव्ययको खर्च विवरण हेर्नुका साथै लेखाजोखा पनि गरिन्छ । यहाँ हाल अध्ययनरत ८० जना लामाहरु बस्न सुत्नका लागि कोठाको पनि निर्माण गरिएको छ । जलपानका लागि पनि मुख्य भवन भन्दा १०० फिठ पर पूर्व तिर फर्केको किचन कोठाको निर्माण गरिएको छ भने किचनकोठा भन्दा अलि पर पश्चिम पूर्व तिर फर्केको कक्षाकोठाको पनि निर्माण गरिएको छ । जहाँ यहाँका लामाहरुले केही शिक्षकहरुबाट बाहिरी ज्ञान हासिल गर्न पाउछन् । बौद्ध धर्मावलम्बीहरु एवं यहाँ आएर रमाउन चाहने हरेक मानिसहरुलाई ध्यानमा राखी पक्की पिच बाटोको निर्माण गरिएको छ । जुन बाटोबाट यात्रा गर्दा पर्यटक एवं दर्शनार्थीलाई दुःखको अनुभूति समेत हुँदैन । बौद्ध धर्मावलम्वीहरुको मागलाई ध्यानमा राखी यहाँ विभिन्न किसिमको पुजा आजा गर्दै समस्त देशवासीहरुलाई सेवा प्रदान गर्दै आइरहेको छ ।

## लामाहरुको जिवनी :

यहाँका लामाहरु एकै क्षेत्रका र एकै जातिका नभई विभिन्न किसिमका जनजातिहरु यहाँ ज्ञान प्राप्तिका लागि भगवान गौतम बुद्धको शरणमा आएका छन् । यसरी विभिन्न किसिमको रहनसहनमा हुर्केका लामाहरु भएपनि यहाँ एक आपसमा मिलेर सहयोग आदान प्रदान गर्दै आइरहेका छन् भने अर्कोतिर विश्वलाई शान्तिको पथमा लम्कन आग्रह गरिरहेका छन् । हाल यहाँ ८० जना लामाहरु भगवान गौतम बुद्धको शरणमा आएर अध्ययन गरिरहेका छन् । लामाहरुको दैनिक दिनचार्या प्राय गरेर एउटै किसिमले बग्ने गरेको पाउँछौं । यहाँका लामाहरु विहान ४.३० बजे उठेर ७.०० बजे सम्म भगवान गौतम बुद्धको पुजामा लीन हुन्छन् भने ७.०० देखि ७.१५ बजे सम्म नास्ता गरी ८.०० बजे देखि ११.०० बजे सम्म आ-आफ्नो कक्षा कोठामा गएर बाह्य शिक्षकहरुद्धारा ज्ञान हासिल गर्छन् । ११.३० बजे लामाहरुले भगवान गौतम बुद्धको नाम लिई भोजन ग्रहण गर्छन् भने २.४५ बजे दिउँसो नास्ता गर्छन् । फेरी दिउँसो ३.०० बजे देखि ५.०० सम्म भगवान गौतम बुद्धलाई सम्झनुका साथै सारा विश्व शान्तिका लागि पुजा गर्छन् । रात्री भोजन ठिक बेलुकी ७.०० बजे लिन्छन् भने ७.३० बजे देखि ९.३० बजे सम्म अध्ययन गरी आ-आफ्नो कोठामा विश्रामका लागि जान्छन् र सबै तहका व्यक्तिले बुद्धत्व ज्ञान हासिल गर्न सकुन् भन्ने हेतुले यस गुम्बाबाट निःशुल्क रुपमा खान बस्न, अध्ययन गर्ने व्यवस्था गरिदै आएको छ ।

## १औं अवतार लामा डेदेन रिन्पोछेको जीवनी:

मानिस त्यो समय मात्र सार्थक हुन्छ जुन बेला आफ्नो लागि नभई अरुका लागि जीवन अर्पण गर्छन् । मानिस आफ्नो लागि जिउँन सजिलो हुन्छ तर अरुका लागि जिउन गाह्रो हुन्छ । आफ्नो लागि बाँच्नु भनेको स्वार्थ हो भने अरुका लागि जिउनु भनेको महान कार्य हो । जुन मानिसलाई देख्न हामी बाहिर आँखाले सक्दैनौं जसको लागि मनको उज्यालो बाल्न जरुरी छ । यस्तै व्यक्तित्वको नाम लिनु पर्दा १औं अवतार लामा डेदेन रिन्पोछे पनि पर्नु हुन्छ । उहाँको जन्म वि.सं.२००८ साल नेसाङ *(Nyeshang)* भन्ने ठाउँमा भएको थियो ।

हुने विरुवाको चिल्लो पात नहुने विरुवाको खस्रो पात भने झैं लामा डेदेन रिन्पोछेको सानै उमेर देखि भगवान गौतम बुद्ध प्रति झुकाव रहेको थियो । उहाले १३ वर्षको लिलो उमेरमा आफ्नो परिवारलाई छोडी एक भिक्षुको भेष ग्रहण गरी गौतम बुद्धको उपदेशलाई अनुशरण गरी १६ औं अवतार लामा 'ग्याल्वा कर्मपा" को शरणमा जानु भएको थियो भने १३ वर्ष देखि १९ वर्ष सम्म बुद्ध धर्मका बारेमा अध्ययन उहाँका गुरु १६औं अवतार लामा 'ग्याल्वा कर्मपा' बाट गर्नु भयो । २५ वर्षको उमेरमा उहाले भिक्षुको शील ग्रहण गर्नु भएको

थियो । उहाँले २७ वर्षको उमेरमा आफ्नो बि.एम.वि. अध्ययन सिक्किमको रुमतेक *(Rumtek)* भन्ने ठाउँमा पुरा गर्नु भएको थियो । २८ वर्षको उमेरमा बुद्धत्वज्ञान प्राप्तिका लागि ३ वर्ष ३ महिना ३ दिन सिक्किमको रुमतेक *(Rumtek)* भन्ने ठाउँमा सेक्रेट गुफा *(Secret Gupha)* बस्नु भएको थियो । यसरी आफ्नो उमेरको ३० वर्ष अध्ययन कार्यमा बिताउनु भएको थियो । पछि अवतारी लामा समाजको आग्रह एवं गुरु १६औं ग्याल्पाको इच्छा अनुसार वि.सं. २०३८ साल देखि यस "माटेपानी गुम्बा" मा मुख्य गुरुको रुपमा कार्यभार सम्हाल्दै नेपालवासीलाई शान्तिको पाठ सिकाउँदै आई रहनु भएको छ । त्यसैले उहाँलाई हामी एक सत्यवादी एवं अहिंसावादी गुरुको रुपमा लिन सक्छौं । उहाँ विना यो सुन्दर निश्चल गुम्बाको कल्पना पनि गर्न हामी सक्दैनौं र हाल उहाँ मुख्य गुरुको रुपमा गुम्बाको रेखदेख एवं व्यवस्थापन पक्षको कार्यभार सम्हाल्दै आइरहनु भएको छ ।

मानिसको सबै भन्दा ठूलो कालो ग्रहण भनेको नै जाति हो । जसको सख्त खण्डन सिद्धार्थ गौतम बुद्धले गर्नु भएको सर्व विदित छ । तर हाम्रो देशमा यस डरलाग्दो रोगले जरा गाडेको छ । यही कालो ग्रहणले मानिस मानिस बीच लडाउन र हिंसामा उत्रन बाध्य तुल्याउँछ । त्यसैले यस्तो रोगलाई समयमा नै निर्मूल पार्न सकिएन भने पछि यसले विकरालरुप लिन सक्छ । जसको निराकरणको एउटै उपाय छ जुन गौतम बुद्धको उपदेशलाई अनुशरण गर्नु । तर कतिपय धर्मावलम्बीहरु बुद्धका शिष्य भन्छन् तर व्यवहारमा जातिपाती देखि लिएर हिंसामा उत्रन पनि पछि पर्दैनन् । त्यसैले समाजमा शान्ति, अहिंसाको ध्वनि फैलाउन विभिन्न ठाउँमा गुम्बा, विहार, चैत्य आदीको निर्माण भएको हो । साथै यसको मूल उद्देश्य आज पश्चिमी शैलीमा रमाएका युवा पिढीलाई सही मार्ग निर्देशन देखाउनुका साथै शान्तिका अग्रदूत भगवान गौतम बुद्धको मूल मन्त्र उपदेश बारम्बार याद दिलाउनु रहेको छ । सो को लागि यस 'गुम्बा' बाट समय समयमा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा शान्तिको ध्वनी गीत फैलाउँदैआई रहेको छ ।


धर्मचक्र प्रवर्तन दिवसको उपलक्ष्यमा

कर्मसिद्ध परम्परा धर्म्मचक्र दीपश्य विहारद्वारा आयोजित

१९औं पोखरा उपत्यका व्यापी

बुद्ध पूजाको हार्दिक सफलताको लागि

शुभकामना ।



Kalu Gurung

WORLD FASHION

हिमालयन आर्केट

मल्ल इम्पोरियमको माथिल्लो तल्ला

चिप्लेढुङ्गा, पोखरा

धर्मचक्र प्रवर्तन दिवस

आषाढ पूर्णिमाको उपलक्ष्यमा आयोजित

१९औं पोखरा उपत्यकाव्यापी बुद्ध

पूजाको सफलताको लागि हार्दिक

कामना ।

Yours

Fashion, Style & Comfort

Sonam Tshering Gurung

Mahendrapool

Pokhara, Nepal

Tel: 061 - 20224 (Shop)

061 - 20657 (Resi)

# पुनर्जन्म समीक्षा

❑ डा. गणेश माली

(१) **पुनर्जन्मको दौड**

भन्न सकिन्न पुनर्जन्मको दौड यस धरातलमा कहिलेदेखि शुरु भयो । पृथ्वीमा मानव जातिको उत्पत्ति करीव ६ करोड वर्ष अघि भएको मानिन्छ जब कि पृथ्वीको उत्पत्ति करीव साँढेचार खरब वर्ष अगाडि भएको भूगर्भ बेत्ताहरुले हिसाव गरी निकालेका छन् । मानव जातिको विकास हुनु अघि जनावरहरुको युगमा पुनर्जन्म हुने गर्थ्यो अथवा मानव जातिको विकास संगसंगै मात्र भएकोहो ? तल्लो खालका जनावरहरु जस्तै अमीवा, हाइड्रा इत्यादिमा पनि यो क्रम लागू थियो कि ? यसै भन्न सकिने स्थिति छैन । अमीवाको जीवन क्रम सम्ममा पुग्दा पुनर्जन्मको कुरामा समस्या उत्पन्न हुन्छ । एउटी आमा अमीवा नै दुई वटी छोरी अमीवाहरुमा बदलिन्छन् - के यो पुनर्जन्म हो ? राम्रो तापक्रम र खाना भेट्टाएमा एउटा अमीवा लाखौमा १/२ दिन मै बदलिन्छन् । के यो पुनर्जन्म हो ? अथवा अरु जनावरहरुको मृत्यु पनि जुनि फेरी अमीवा बनेका हुन् भने १/२ दिन भित्रै लाखौं को संख्यामा कहाँबाट आए ? प्लेनेरियाको केसमा गएर पुनर्जन्म झनै जटिल समस्या बन्छ, एउटा प्लेनेरियालाई ३ टुक्रा पारेर काट्यो भने ३ वटा प्लेनेरिया बन्छ, दुई टुक्रा पारेर काट्यो भने २ वटा प्लेनेरिया बन्छ टाउकोलाई दुई चिरा गर्‍यो भने दुई टाउके प्लेनेरिया बन्छ, के यो पुनर्जन्म हो ?

भनिन्छ, बाँदर जस्ता जनावरहरुको क्रमिक विकास भएर मान्छेहरु बने । बाँदरहरुको जुनिमा कुन शुभकार्य गरेर मानिसको चोला पाउँछन् ? जब कि उनीहरुमा न धर्म त न पाप, न पुण्य न कुशल न अकुशल । जनावहरुको युग पछि पृथ्वीमा यतिका मानिसहरु कुन जनावरहरुका पुण्य कर्मबाट आए ?

पृथ्वीमा मान्छेहरु कै संख्या ६ करोड वर्ष अघि भन्दा लाखौं गुणा बढी भैसकेका छन्, विश्वको जन संख्या करीव २०/३० वर्ष भित्रै दोवरिन पुगेको छ, के एक व्यक्तिको पुनर्जन्म २ वा २ भन्दा बढी व्यक्तिहरुमा हुन सक्छ ? यसका विपरित ४/५ व्यक्तिको पुनर्जन्म १ व्यक्तिको रुपमा पनि हुन सक्छ कि ?

परिवार नियोजनका साधनहरु प्रयोग गरेर विश्वको जनसंख्यालाई घटाउँदै लैजान सम्भव भैसकेको छ । कतिपय देशहरुमा घटाएको छ त कतै त तटस्थ बनाएको छ । यस स्थितिमा पुनर्जन्मको समस्याले अर्कै रुप लिएको छ । कथं कदाचित् विश्वको जनसंख्या घटाउँदै लगेमा पुनर्जन्मको हालत के हुन्छ ? के व्यक्तिहरु न जन्मिकनै विलाएर जालान् ?

जीव विकासको सिद्धान्तले पुनर्जन्मको समस्यालाई अझै चर्काएकोछ । मृत व्यक्तिले, जो कि धुरन्धर वैज्ञानिक होइन, कसरी आफूलाई उपयुक्त जीवन *(Gene)* हरु छान्न सक्छ ? आमा बाबुको जीवहरु मिलेर कसरी आफ्नो अनुकूल जीवमा बदलिन्छ भनेर थाहा पाउन सक्छ ? अथवा के यो अन्धो दौड मात्र हो कि जसको पायी उसको जीनहरुमा घुसेर बस्यो अथवा गर्भावस्थामै जो पायो त्यो जाइगट *(Zygote)* लाई आफ्नो अनुकूल संझेर बस्यो ?

आधुनिक रसायनिक र भौतिक विज्ञानले मृत्युदेखि अर्को जन्मसम्मको व्यक्तिको अवस्थालाई अरु पनि जटिल बनाई दिएको छ । उक्त अवधिसम्म मृत व्यक्ति कुन रुपमा रहन्छ ? पदार्थ विहीन शक्तिको रुपमा वा पदार्थ युक्त शक्तिको रुपमा वा शून्य (न पदार्थ न शक्ति) को रुपमा ? आधुनिक सिद्धान्त अनुसार जहाँ शक्ति तहाँ पदार्थ जहाँ पदार्थ तहाँ शक्ति हुन्छ । शून्यको अस्तित्व त हुनै सक्तैन। अब पदार्थ शक्तिको रुपमा व्यक्ति रहन्छ भने, त्यो पदार्थ नं. १ देखि १०७ मध्ये कुनै तत्वमा पर्नै पर्छ र शक्ति कुनै रुपमा (विद्युत, प्रकाश, ताप आदि) । यस्तो तत्वले तत्वको गुण लिनै पर्छ, तब कसरी यो तत्वको गुण लिनै पर्छ, तब कसरी यो तत्व

गर्भ भित्र जीनहरुमा प्रवेश गर्छ, यो अर्को जटिल समस्या छ ।

यसरी समस्या पूर्ण हुँदा हुँदै पनि, पुनर्जन्मको सिद्धान्त हामीलाई प्यारो लाग्छ। हामी यो मान्न तयार हुँदैनौं कि मृत्युको साथै हाम्रो अवसान हुन्छ, यसो हुने हो भने जोगी र भोगीमा फरक के रह्यो ? हामी यो मान्न तैयार छैनौं कि यस शरीरमा 'म' भन्ने जुन छ, त्यसको वास्तविक अस्तित्व छैन वा यो शरीर जस्तै नश्वर छ, यो 'म' यति इच्छा पुञ्जले बाँधिएको हुन्छ कि मृत्यु पछि पनि आफ्नो अपूर्ण इच्छाहरुको पूर्तिको लागि, जसरी 'म' भोली पनि बाँच्न चाहन्छु, पर्सी पनि बाँच्न बाच्न चाहन्छु, ताकि 'म' यो गर्न सकूँ, त्यो गर्न सकूँ, त्यस्तै मृत्यु पछि पनि 'म' बाँकि रहे कै हेर्न चाहन्छौं । जब हामी चाहन्छौं त शरीर संगै 'म' विलाएर जान्छ भनी ठान्ने कुरै भएन, कुनै न कुनै रुपमा रहनै पर्‍यो । अनि इच्छाहरुको पूर्तिको लाग अर्को व्यक्ति भएर पनि जन्मनु पनि पर्‍यो वा न जन्मने हो भने जीवन मुक्त वा निर्वाण प्राप्त हुनु पर्‍यो । यही 'म' वा आफू भन्ने भावनालाई 'आत्मा' भनी संज्ञा दिएर वैदिक चिन्तनको राम्रो नमूना गीतामा दिइएको छ । "यसलाई न शास्त्रले काट्छ, न आगोले बाल्छ, न पानीले भिजाउँछ र न हावाले सुकाउँछ । जसरी मानिसहरु पुरानो वस्त्रहरु त्यागेर नयाँ वस्त्रहरु धारण गर्छन् त्यस्तै शरीर भित्र रहने यस्ले पुराना शरीरहरु त्यागेर नयाँ धारण गर्छन् ।"

यो पुनर्जन्मको दौडबाट आफू भन्ने आत्माले सितिमिति मुक्ति पाउन सक्दैन - चाहेर वा न चाहेर पनि व्यक्तिलाई यो दौडमा लागी रहनै पर्छ । "यो मायाले छोपिएको व्यक्तिले परमात्मा स्वरुप मलाई भजेर नै यो मायाबाट पार लाग्न सक्छ ।" ज्ञान, भक्ति वा कर्मयोगको बाटो चानचुन व्यक्तिले पाउन सक्ने कुरो भएन, यसकोलागि अथक प्रयासको आवश्यकता हुन्छ । यता बुद्ध धर्ममा पनि निर्वाण प्राप्ति नभै भवचक्रबाट छुट्नै साकेदैन । निर्वाण प्राप्तिको लागि त्यतिकै अथक प्रयासको आवश्यकता हुन्छ। बुद्ध धर्ममा जुन शील समाधि र प्रज्ञाको बाटो छ, सो बाटो पनि यस कलियुगमा आएर एक दम दुस्कर भएको छ । प्रज्ञारुपी चक्षुले अनित्य, दुःख र अनात्मलाई साक्षात्कार गरेर मात्रै दुःखबाट अलग हुन सकिन्छ - तर प्रज्ञारुपी चक्षु पाउन घरवार सम्हालेलर वस्नु पर्ने व्यक्तिको लागि असम्भव प्राय छ ।

यसरी हाम्रा धर्महरुले समस्यैं समस्याले भरिएको पुनर्जन्मलाई अङ्गालेर एउटा मन परे पनि नपरे पनि दौडी रहनु पर्ने उदेक लाग्दो दौडको रुपमा हाम्रो सामू राखि दिएको छ ? के यो वास्तवमा यस्तै हो त ?

## (२) शरीर भित्रको 'म' र पुनर्जन्म

डेकार्टे भन्ने दार्शनिकले एकाध शताब्दि अघि आफ्नो मूल-सूत्र व्यक्त गरे थे "म विचार गर्छु त्यसकारण म छु *(I think therefore I am)* तर विचार गर्दैमा 'म' भन्ने शरीरमा हुनै पर्छ र ? अथवा विचार नगरेको अवस्थामा 'म' भन्ने चिज हुँदैन र ? के अमिवा र प्लेनेरियाको 'म' हुँदैन ? बोट विरुवाका 'म' हुँदैन ? कीट पतगका 'म' भने हुँदैन ? विचार गर्न नसक्ने भनिएका 'परमाणुहरु' का म हुँदैनन् ? गीताको मन्तव्य अनुसार पनि 'म' ले सारा विश्वलाई ओगटेर सबैमा व्याप्त भएर रहेको छ भने, प्रत्येकमा 'म' हुन्छ चाहे सजीव होस् या निर्जीव । "सवैमा 'म' छु सव 'म' मा छ ।"

वास्तवमा पुनर्जन्मको दौड 'म' भन्ने चिजको अस्तित्वसंगै गाँसिएको छ, जुन 'म' इच्छारुपी भु-मरीमा पिल्सिएर सांसारिक रङ्गले रङ्गिएको हुन्छ । यसै 'म' को इच्छाहरुको परिपूर्तिको लागि, अमरत्वको चाहना व्यक्त गर्दछ र पुनर्जन्मको चक्रलाई अघि बढाउँछ । शरीरको आयु ७०/८० वर्ष मात्र भएर पनि, आफ्नो 'म' लाई अनगिन्ती शरीरहरुको मद्दतले भए पनि अनन्तसम्म दौडिरहेको हेर्न चाहन्छ । वैदिककालका विचारकहरुले अमृतको कल्पना यसैले गरे कि शरीरसंगै आफ्नो 'म' को अन्त नहोस् । तर अनन्तसम्म

दौडिरहने संसार चक्रको उदेकताले पनि उनीहरुलाई पिरोल्न थाल्यो । दुःखरुपी संसारमा कति दौडने ? "फेरी फेरि जन्मिरहनु दुःख हो" दुःखका जालि (पनप्पुनं - धम्मपद) अनि यस मृत्यु सागरबाट पार तर्ने बाटो पनि उनीहरुले बनाए । वैदिक धर्मले परम् आत्मामा मिलन गर्ने अनौठनो तरिका निकाले भने बुद्धले भवचक्र घुमाउने तृष्णाको अन्त गर्ने निर्वाणको बाटो खोलि दिए । वास्तवमा यो 'म' के होत ? यो प्रश्नको छोटकरीमा जवाफ पाउने प्रयास यहाँ गरिन्छ ।

## (३) 'म' को उद्‌गमस्थल

मानव एक मस्तिष्क सहित स्नायु प्रणाली तथा अन्य विभन्न प्रणालीहरु युक्त प्राणी हो । मस्तिष्क तथा स्नायु प्रणालीद्वारा मानवले शरीरबाट तथा बाह्य जगतबाट सचेतनहरु *(Sensation)* पाउँछन् र यही सचेतनहरु माथि प्रतिकृया गर्दै बाह्य जगतका छाप *(Martion)* हरु मस्तिष्क भित्र बस्दै जान्छ । यी छापहरु नै ती इँटाहरु हुन जुन मिलेर मनरुपी घर बन्छ । जुन बखत जुन संचेतनाले प्रमुखता पाएको हुन्छ, त्यसैको छापहरु बस्दै जान्छ र मस्तिष्क भित्र ती छापहरुको एउटा श्रृङ्खला बन्छ ती श्रृङ्खलाहरुबाट मस्तिष्कमा एउटा साना तिना अवधारणा *(Pre-concept)* हरु बन्छन् । यिनीहरु मिल्दै गई व्यक्तिमा धारण वा ज्ञान *(Knowledge)* वन्न जान्छ, समस्त धारणाहरुको समूहगत धारणालाई नै प्रज्ञा *(Wisdom)* पनि भनिन्छ ?

विकासको क्रममा मानव मस्तिष्कको विकास अरु जनावरहरुको भन्दा जटिल *(Complex)* भएर विकास भएको छ, यसकारण प्रज्ञासम्म पुग्ने संरचना *(Structure)* हरु यसमा छन् । यसरी बाहिरी वा भित्री सचेतनहरु मस्तिष्क भित्र जुन सञ्चालन भैरहन्छ, त्यसमाथि पनि सूक्ष्म सचेतनहरु पैदा भएर विचार माथि विचार अर्थात् पुनर्विचारगर्न *(Reflective Thinking)* मानव मस्तिष्कमा सम्भव भएकोछ । केही हदसम्म यो निम्न स्तरका प्राणीहरुमा पनि हुन्छ तर मानवमा जति विकसित भएको भने हुँदैन ।

यस प्रकृयाको कारण मानव मस्तिष्क एवं शारीरिक तथा मानासिक अस्तित्व प्रति सचेत वा जागरुक रहेको हुन्छ 'जसलाई रच-अस्तित्व बोध' पनि भन्न सकिन्छ ।

जब व्यक्ति प्रकृतिसित कृया प्रतिकृयारत हुन्छ तब सो अस्तित्वको बोध हुँदैन । जस्तै कि एउटा सानो वालक वा आफैलाई पनि कुनै खेलमा मस्त भएको वेला हेर्नोस, त्यसवेला 'अस्तित्व बोध' हुँदैन । तर जब कुनै कारणवश (जस्तै काँडाले घोच्दा) व्यक्तिले आफ्नो मानसिक तथा शारीरिक स्थितिलाई बोध गर्नु पर्ने हुन्छ - तब उसले त्यो समग्र शारीरिक र मानसिक स्थितिलाई एउटा संज्ञा (नाम) दिन्छ 'म' संज्ञाको आफै अस्तित्व हुँदैन । जस्तै बलिरहेको वत्ती अन्य धेरै थोक हुन्छ तर बत्ती भन्ने केही हुँदैन । त्यस्तै मानवको या कुनै प्राणीको पनि मानसिक वा शारीरिक प्रकृया भित्र नाम मात्र भएकोले 'म' भनेको केही हुँदैन ।

आफ्नो मानसिक र शारीरिक चाहनाहरु पूर्ति गर्ने सिलसिलामा अनेकन कामना (तृष्णा) हरुले यस अस्तित्वविहीन 'म' लाई बाँधेर अस्तित्व युक्त मन र शरीरलाई अजरामर गर्ने चाहना पनि पैदा गरी दिन्छ - जसबाट व्यक्ति एउटा विश्वात्मा वा परामात्मासम्मको कल्पनाको दौडमा पनि पुग्छ र विश्वात्मासँग गाँसिई अनन्तसम्म रहिरहने चाहना पनि गर्छ । यसको विपरित वुद्धले एउटा नयाँ तरिका निकाले, प्रज्ञाद्वारा 'म' को अस्तित्व विहीनताको बोध गर्ने जुन वास्तविकता पनि हो, विश्वमा जुन कृया प्रतिकृयाहरु भैरहेछन् र ती जम्मै परिवर्तनशील छन् (वत्तीको ज्वाला जस्तै) र अनित्य छन्, त्यस्तै यो शरीर र मन पनि हो - यहाँ केवल कृया प्रतिकृया मात्र चलिरहेकोछ - 'म' कहाँ छ र प्रजननको कृयाबाट जीवन प्रवाह चलिरहेको छ, तर यस संसारमा जिउने 'म' कतै छैन । न कसैले यहाँ दुःख पाइरहेको छ न कोही यहाँ दुःखबाट मुक्त हुन्छ, यो 'म' केवल व्यावहारिक वोलीहरु मात्र हुन । एकातिर यहाँ 'म' युक्त संसार देखा

परिरहेको छ भने अर्कातिर यहाँ 'म' विहीन निर्वाण पनि छ । व्यक्ति 'म' मा बाधिएर संसार भेटाउँछ भने साधक यहाँ 'म' विहीन भएर निर्वाण भेटाउँछ । जुन संसारको त्यही निर्वाण पनि हो (सहजयान) । बुद्ध धर्मले शून्यवादमा आएर यस 'म' को अस्तित्व विहीनतालाई प्रष्ट गरेको छ ।

## (४) आधुनिक जीवन विज्ञान, मनोविज्ञान र पुनर्जन्म

आधुनिक जीव विज्ञान र मनोविज्ञानले पुनर्जन्मको सिद्धान्त माथि जवर्दस्त प्रहार गरिरहेकोछ । जीवनधाराको क्रम जुन यस संसारमा चलिरहेको छ, त्यसलाई विकास वाद *(Evolution)* र जेनेटिक्सले व्याख्या गरि दिएको छ, कुनै ठाउँमा मरेको 'म' ले आफ्नो तृष्णा पुंजहरुलाई समेटेर भटकदै, गर्भाधान कृयामा माता पिताको कोखका जीनहरुलाई आफ्नो बनाउने कृयालाई मात्र जीव विज्ञान तयार छैन । परस्परमा घात् प्रतिघात कृया प्रतिकृया गरी अगाडी बढी रहने जीवन प्रवाहलाई एउटै प्रवाहको रुपमा लिन सकिन्छ, यस प्रवाहमा प्रत्येक व्यक्तिको आफ्नो कार्यकलापहरु अनुसारको देन हुन्छ तर मृत्युसम्म मात्रै । मृत्यु पछिको अस्तित्व जीव विज्ञानमा एउटा प्रश्न चिन्हको रुपमा रहेको छ । जीवनका प्रकृयाहरुको अध्ययन गर्ने क्रममा पनि जीव विज्ञानले व्यक्तिको 'म' भन्ने संज्ञालाई एकातिर पन्छाई दिएको छ ।

'म' को एउटा जवर्दस्त पृष्ठ पोषक व्यक्तिको इच्छा *(Will)* मानिन्छ । तर यो इच्छाको श्रोतलाई जीव विज्ञान, शारीरिक ग्रन्थी *(Endocrine Glands)* हरुबाट निस्कने रसको फलस्वरुप हुने भनी व्याख्या गर्छ भने मनोविज्ञानले व्यक्तिको अस्तित्वलाई लम्ब्याई राख्ने चाहना *(Self-Perpetuation)* को फलस्वरुप उत्पन्न मानसिक संगेगको रुपमा मान्छ । यसरी यी दुवै विज्ञानहरु वैदिक ब्राम्हणहरुले दिएको पुनर्जन्मका सनातनी सिद्धान्तहरु मान्न तैयार छैनन् ।

पुनर्जन्मका सिद्धान्त कै आधारमा हाम्रा पुराना कर्महरुले स्वर्ग-नरक र विभिन्न लोकहरु तथा भुवनहरुको परिकल्पना गरेका छन्, मोक्ष वा निर्वाणका धारणाहरु बनाएका छन् । यदि हामीले संसारमा जीवन प्रवाहको क्रमलाई आधुनिक दृष्टिकोणबाट हेर्ने हो भने पुनर्जन्मको पुरानो सिद्धान्तलाई त्याग गर्नु अनिवार्य भैसकेको छ । र, हामीहरुले आफ्नो जीवनको नैतिकताको श्रोतको रुपमा स्वर्गको प्रलोभन र नरकको भय भन्दा पनि जीवन प्रवाहको क्रममा सम्पूर्ण जीवनको एकता *(All life is one)* लाई र एक जीवनले आफ्नो गतिविधिद्वारा अर्को जीवनहरुलाई प्रभावित गर्दै क्षमतालाई नै नैतिकताको श्रोतको रुपमा लिनु परेकोछ ।


धर्मचक्र प्रवर्तन दिवसको उपलक्ष्यमा

कर्मसिद्ध परम्परा धर्मचक्र दीपश्य विहारद्वारा आयोजित

**१९औं पोखरा उपत्यका व्यापी बुद्ध पूजाको हार्दिक सफलताको लागि शुभकामना ।**

प्रो.ले. मिन बहादुर गुरुङ्ग

**यिना मिना ट्रान्सपोर्ट**

माटेपानी गुम्बाफेदी, पोखरा-१२, फोन : २८२९१

हाम्रा सेवाहरु :-

निर्माणका सामग्रीहरु (ढुङ्गा, वालुवा, गिटी, सिल्कट, ग्राबल आदी)

# बज्रयान महायानको अवधारणा

व.आ.कनक द्वीप

सर्वप्रथम बज्रयानी, महायानीहरुको संयुक्त नाम बुद्धयानलाई प्रज्ञापारमितायान नाम देऔं। त्यसपछि, नेपालका बौद्धमार्गीहरु भारतमा खोलिएको प्राचीनकालका बौद्ध विश्वविद्यालयहरुसँग सम्बन्धित थिए। त्यसमध्ये पनि विक्रमशील बौद्ध विश्वविद्यालयका गुरु पद्मसम्भवको पनि नेपालको बौद्ध धर्मको प्रणेता जस्तै नाम आउने गरेको छ।

नेपाल उपत्यकाको प्राचीन गु विहार (साँखु) राजधानीका ५४ विहारहरु र त्यस्तै आरामहरु (बहि- नेवारीमा) ५४ कै संख्यामा प्रतिष्ठापित भैसकेपछि त्यहाँको गुरु बज्राचार्य, स्थविर बौद्धहरु (भिक्षुहरु) तिब्बत र चीन सम्म पनि पुगेका थिए। त्यसैवेलादेखि बुद्धका मौलिक उपदेश दुःख, अनित्य र अनात्मलाई शून्यवादको परम्परामा ढालेर व्याख्या गरिएको थियो। यस बुद्धयानको प्रादूर्भाव एशियाको कतिपय क्षेत्रमा फैलिएको थियो। जस मध्येहाल मानिसहरुले बुझ्ने यान *(Vehicle)* श्रावकयान, प्रत्येक बुद्धयान एवं वोधिसत्वयान भनेमा अत्युक्ति देखिदैन।

स्मरण रहोस्, श्रावकयान बौद्ध भिक्षुहरुले विहारमा वसेर अभ्यास गर्ने (ध्यान, ज्ञान) हो भने प्रत्येक बुद्धयानीहरु संघमा भने आफू एक्लै भावना गर्ने गर्छन्। अनि, वोधिसत्व यानलाई हिजो-आज महायान भनिने गर्दछन्। यसैलाई अर्को पारिभाषिक शब्दमा हेतुयान पनि भनिन्छ।

त्यस्तै बज्रायानलाई मन्त्रयान, तन्त्रयान, सहजयान इत्यादि भन्न सकिन्छ। फल प्राप्ती (लक्ष्य) को लागि अभ्यास गर्ने बज्रयानलाई नै माथि उल्लेख गरिएको शब्द परिमिताय यान पनि भनिएको हो।

अब फेरि यानको अलि प्रसंग व्याख्या गरौं।

(क) श्रावक यान - बहुजन हितको लागि

(ख) महायान - सकल जनहितको लागि

(ग) वज्रयान - प्राणीमात्रको हितको लागि।

उपरोक्त यानहरुमा हाल बुद्धयानसँग अलिकति वाभिने कुरो संस्कृत आचार्यहरुद्वारा लिखित बौद्ध ग्रन्थहरु हुन्। उदाहरणको लागि तन्त्रयान हिन्दू परम्पराको अनुशरणमा पनि रहेकोले होम इत्यादी पनि लिइएको छ। र, चर्यातन्त्रमा भने पूजाविधि हिन्दू तन्त्रकै जस्तै भएता पनि (तप, जप इत्यादी) भित्री ध्यान विशेष फरक रेहको छ। यो तन्त्र अनुसार चक्रसम्वर, महिषसम्वर, हेवज्र, योगाम्वर आदि तन्त्रहरुको भित्री कृयाकलाप भएकोले यसलाई अनुत्तर योग-तन्त्र पनि भनिएको छ।

योगतन्त्रमा अभ्यासत हुन सबै भन्दा पहिले, दुःख, अनित्य, अनात्मको सबैज्ञान हासिल गर्ने, पंचशील, अष्टशील, दसशील लिने र त्यसपछि उपोशथ व्रतको अभ्यास गर्ने, त्यसपछि क्रमशः वैभाषिक, सौतान्त्रिक, योगाचार (माध्यमिक) दर्शन प्राप्त गरेर हेवज्रतन्त्र लिन सकिन्छ। अर्थात् तन्त्रयानमा अभ्यस्त हुन सकिन्छ।

तन्त्रयान बुझि सक्नेले कालचक्रयानलाई मनन गर्न गाह्रो पर्दैन। यो प्रसंग के हो भने कालचक्रयान जस्तो गुढ रहस्यलाई छोडेर हिजो आज बज्रयानको सैद्धान्तिक पक्ष समेत बिर्सेर बज्राचार्यहरु कर्मकाण्डी मात्रै भैरहका देखिन्छन्। जुन कर्मकाण्ड (१० कर्महरु) मौलिक बज्रयान पनि न भएर भारतीय १६ कर्मकाण्डहरुको १० सापटी ल्याएको हो। जुन बौद्ध धर्ममा आवश्यक छैन। अझ भनौं। बज्रयान एउटा दार्शनिक बौद्ध आख्यान

भित्र पर्छ । बज्रयानीहरु बज्रयानका ज्ञाता हुन्छन् । त्यसैले बज्रयानका विद्वान, बज्रयानका अध्येता र बज्रयानका अधीतिर्य बज्राचार्य उपाधिको रुपमा प्रयोग हुने शब्द आज जात विशेषमा परिणत भएको छ । लुगा धुन नजान्ने मानिस पनि धोबीको संज्ञामा परे जस्तैछ । बज्राचार्य गुरु बज्राचार्यद्वारा दीक्षित हुनु आवश्यक छ । दीक्षित नै नभएको हुँदा बज्रायानका वहुसंख्यक जातीलाई बज्रायानीको संध्या भाष्य (बज्रयानको सांकेतिक भाषा) पनि थाहा छैन ।

वौद्ध तन्त्रको व्याख्या गर्दा तन्त्र, हेतु, फल, उपाय हो ।

गुह्य समाजतन्त्र (तथागत गुह्यक) मा यस्तो भनिएको छ ।

यस लेखककी श्रद्धेय गुरु श्री दिव्यवज्र बज्राचार्यज्यू (रत्नकाजी, महाबौद्ध, काठमाडौं) का परिभाषा अनुसार हाम्रो चित्तको स्वरुप नै तन्त्र हो । यसै अनुरुप वोधि चित्तकोज्ञान पाइने साधन तन्त्र हो ।

माथि उल्लेख गरिएको शून्यता *(Voidness)* पनि अन्तरात्माकै कुरो हो । बज्रयानका ध्यानहरु (अंगुत्तर निकायमा उल्लेख शून्यता (अनात्मा) कै प्रभास्वर संज्ञाका व्याख्या भित्रै आधारित देखिन्छ । *(The basic Meditation is not only the transeendental, as explained by others - but the mindfulness of Void in Buddhism.)* त्यसैले, वौद्ध ध्यान भनेको वेग्लै हो । फेरि भनौं । वौद्ध तन्त्रहरु माध्यमिक दर्शन हुन् । शाश्वत अन्त र उच्छेद अन्तहरुबाट मुक्त आद्वय अवस्था प्राप्ति नै बौद्ध तन्त्रको अभ्यास हो । बौद्ध तन्त्रमा परमार्थ सत्ताको व्याख्या छैन । हुन त नेपालका बज्राचार्यहरुले कर्मकाण्ड सम्पन्न गर्दा मौलिक वुद्ध धर्मको विरुद्ध देखिदैन, बज्रयानीहरुले पंचशील पालन गरेकै हुन्छन् । उपोषथ ब्रत पनि लिएको हुन्छ । हरेक अनुष्ठानमा त्रिरत्न शरण गमन गरिन्छ । बुद्धका जातक कथा वाचन हुन्छ/श्रवण हुन्छ । तर, अब विस्तारै यस्तो हुन छोडेको छ । अब चाहीं बज्राचार्यहरुले जाति पातिमा समेत कट्टरपन ल्याउदैछ । अवोध नीर्वोध बालकहरुलाई बज्रआचार्यता प्रदान गर्ने मात्र औपचारिकता निभाउदैछ, दीक्षा दिने विधि पुऱ्याउछ । फेरि समभना होस्, नेवार जातीमा पहिले पहिले सुवाल भन्नेहरु थिए । बज्राचार्य शाक्यहरु समेतलाई दाल, भात तरकारी जोरजाम गरेर खुवाउने गर्थे । तर, राणाको पालोमा हाम्रो पं. निष्ठानन्द बज्राचार्य (नेवारका गुरुपुरोहितलाई वाहुनहरुले तत्काल सुवाल ज्यापुहरु तल्लो जातकोमानिसहरु हुन् । उनीहरुको हातबाट भात भान्सा नगर्नु नाती हो भनेर सिकाइकन अस्ति मात्रै ज्यापुहरुकै हातबाट भात नखाने बौद्धहरुको परम्परा आज रही नै रह्यो । अर्थात्नेवार बौद्धहरु चार वर्णको हो भन्ने हामीलाई लागेको छ । यहांनेर भन्न खोजिएको कुरो के हो भने पुरोहितवाद नै नभएको वौद्ध धर्ममा हिन्दू अतिवादीहरुको लहै लहैमा लागेर आज वद्रिगुरुजी बौद्ध धर्माधिकार भएका छन् । धर्मोदय सभाका अध्यक्ष लोक दर्शन बज्राचार्य वाहुन टंक प्रसाद आचार्यकै खलक हूँ भन्न रुचाउँछन् । यस्तो विकृति आइरहेको बज्रयानीहरुका सन्तानले दीक्षा (वौद्ध ब्रतबन्ध न गरे पनि) नलिए पनि बज्राचार्य भन्न पाइरहेका छन् । मेरै भान्जाका श्रीमती दमाईनी छिन् र उनीबाट जन्मेको छोरो निर्धक्कका साथ बज्राचार्य घोषित छन् । किन भने मेरो भान्जा बज्राचार्य हुन् । त्यसैकारण, अब बज्राचार्य (बौद्ध धर्मको दीक्षित नभैकन पनि) जातीमा पर्न आएको छ । उपाधि हुन न सकेको हो । अभ्र एरपोर्टमा एकजना तस्कर बज्राचार्य समातियो भनेर खवर आउँदा त्यो तस्कर बज्राचार्यको आमा तिवेतियन र बाबु बज्राचार्यको छोरो उल्लेख भएको छ । जुन किसिमको बज्राचार्यहरुलाई "बज्रयान" पक्कै थाहा पनि छैन । बज्राचार्यको पेशा तस्करी हुँदैन भन्ने कुरो पनि मेटियो (?) माथि लेखिए भैं बौद्धहरुको पुरोहित्याईमा निकै महत्वपूर्ण भनिने दश मर्महरु गर्भधान, पुसवन, सीमान्तोनयन, जातकर्म, नामाकरण, उपनयन, अन्नप्राशन, चुडाकर्म, शील प्रदान, ब्रतमोक्षण, पानी ग्रहण कुनैहालतमा बज्रयानको आदि (प्राचीनकालको) प्रचलन होइन । हिन्दू संस्कार मात्र हो जुन दश कर्महरु तिवेतमा पनि अभ्यासगरिदैन । परम्परामा पनि थिएन । हो, शीलप्रदान र चुडाकर्म हीनयान या थेरवादमा अर्कै ढंगले चल्ने अवौद्धलाई वौद्ध

वनाउने *(Bapitism)* प्रथा हुन् ।

त्यस्तै, महायानी, वज्रयानीहरुले चैत्यपूजा, विहार पूजा, पाटनमा "मत यां" इत्यादी गर्छन् । धर्मधातु व्रत, आयंतारा, पंच रक्षाव्रत इत्यादि गर्दछ । यो हाम्रो मौलिकता हो । अर्को पूजा प्रकरणमा गुरु मण्डलायन, पंचोपचार पूजा (आमेष) पनि गर्छन् । सप्त विधानोत्तर पूजा पनि गर्छन् प्रत्येक पूर्णिमा सवै बौद्धहरुको पावन दिन । साउन भदौको (वर्षावास) महिनामा गुंला धर्म सुरु हुन्छ । एक महिनासम्म स्वयम्भु दर्शनको कार्यक्रम हुन्छ । साँच्चै बज्राचार्य हुनेले त वज्रयानको अध्ययन बज्रयानकै विशेष गुरु, गुरुमुचिहरुबाट प्राप्त गरेर साधक भैकन भिक्षू बन्ने कमसेकम ४ दिनसम्म भिक्षुशीलमा बस्ने, त्यस पछि वोधिसत्व सम्वर प्राप्त गर्ने, बज्रयानको अभिषेक लिएर दीक्षा प्राप्त गर्नुपर्छ । तव नै त पूरा बज्राचार्य *(Authentic Bajracharya)* हुन्छ । बज्राचार्य हुन बज्राचार्यनै आमा बाबु हुनु पर्ने ढिपी हिजो थिएन । सबै हिन्दू जातीका मानिसहरुलाइ पनि लिन पाएका थिए । तर, आज बज्राचार्य संरक्षण गुठीको नीति नियम अबौद्धहरुको जस्तै छ । चक्रसम्बर दीक्षा प्राप्त गर्नेहरुले आगममा चर्यागीत र चर्या नृत्यको अभ्यास गरेको हुन्छ । ध्यानको अभ्यास गरेको हुन्छ । बौद्ध ध्यान शमथ र विपश्यना हो ।

उपरोक्त सबै कुरो अलग राखेर पनि महायान वज्रयानको मूलभूत सिद्धान्त प्रज्ञापारमिताको दर्शन शून्यवादको लागि प्रज्ञा र उपायको विकास आवश्यक छ ।

बौद्ध धर्मसँग तालमेल नखाने कर्मकाण्डहरु छोड्नु पर्छ ।

- सप्त विधानोत्तर पूजा - वन्दन, पूजन, देशन, याचन, अनुमोदन, अधेषण, परिणामन हुन् जुन पूजाहरु भक्ति मार्ग कै नक्कल हुन् ।
- प्रज्ञोपाय जात्ती सकेपछि उपाय कौशल पनि थाहा हुन्छ । प्रज्ञापारमिताय - यान ५०% प्रतिशत बज्राचार्यलाई थाहा नै भएन ।


**धर्मचक्र प्रवर्तन दिवसको उपलक्ष्यमा**

*कर्मसिद्ध परम्परा धर्मचक्र दीपश्य विहारद्वारा*

आयोजित १९औं पोखरा उपत्यका व्यापी बुद्ध पूजाको हार्दिक सफलताको लागि शुभकामना ।

**P. RAJ TRADE CONCERN**

*Savagriha Chowk, Pokhara*

Tel.: 22922, 30781 (O), 23146, 27597 (R)

DEALS:- Sanitary, Bathroom Fittings, Tiles, Chips, Paints and All kind of Rajesthani Marbles

**Stockist : POLLEN OXIDE**

**धर्मचक्र प्रवर्तन दिवस**

**आषाढ पूर्णिमाको उपलक्ष्यमा आयोजित**

१९औं पोखरा उपत्यकाव्यापी बुद्ध पूजाको सफलताको लागि हार्दिक कामना ।

**GANDAKI TRADE HOUSE**

DAEWOO Motorcar, JIALING Motorbikes,
DAIHATSU Motorcar/Jeep DAELIM Motorbikes
PERODUA Motorcar SUZUKI GN Motorbikes

**GANDAKI RECONDITION CENTRE**

Buy Sale & Exchange of used Motorcars & Bikes

**GANDAKI REAL-ESTATE**

Buy Sale & Exchange of House/Land

*Naya Bazar, Pokhara - 8, Nepal*

# RAMAGRAMA EXCAVATION

❒ **Sukra Sagar Shrestha**

After the death of Gautama Buddha in Kusinagar, he was cremated there and his relics were divided into eight parts taken away to different eight principalities including Kusinagar, as follows;

| | | | |
|---|---|---|---|
| 1. | Magadh | 2. | Vaisali |
| 3. | Kapilavastu | 4. | Allakappa |
| 5. | Koliyanagara | 6. | Vathadipa |
| 7. | Pava | 8. | Kusinagar |

Since Koliyanagara also received one part of the relics, the old king, of that nagar, it is said built the stupa containing the relices in Ramagrama.

After building the stupas containing the relics of Buddhas, these sites because the centre of pilgrimage and devotion. When Asoka was converted into Buddhism after the Kalinga war he made pilgrimages to different sites related to Buddha and his life. Besides the pilgrimage he thought of opening all the stupas containing the relics of Buddha, distribution them in 84,000 parts and rebuild stupa on each of them as well. Thus, he opened seven of the original eight stupas but when he arrived in Ramagrama to open the eighth he found that the stupa was being guarded by the serpent king. One the persuasion of the king. Asoka did not dare to open the stupa.

Later on the stupa was visited by both the Chinese pilgrims, Fahien and Hiuen Tsiang, and after that went into obscurity for more than a millennium. The site remained a great mystery to the archaeologists for a long time. Many scholars guessed many sites to be Ramagrama. Cunningham and Carlylle tried much to fix the site but could not come to the nearer point.

After the discovery of Lumbini pillar in 1896, the chapter on Ramagrama was reopened and many archaeologists tried to locate the site on the calculation of the distance and direction given by the Chinese pilgrims. The old theories on the location of Ramagrama was discarded. Thus, T. Watters, an authority on the Chinese source of Buddhist records and the writer of "On Yuan Chwang's travels in India, "Wrote on the location of Ramagrama -

"It is unnecessary now to notice the openions of General Cunningham and Mr. Carlylle as to the modern representative of Rama of Our Pilgrims. Further researches in Nepal Terai may lead to the discovery of some trustworthy indication as to the site of the old city" (Watters - 1973:20)

The stupa of Ramagrama was searched by the scholars then in Nepal Terai on the east of Lumbini in and around the location written by the chinese travellers.

The first archaeologist who happened to come and see the stupa was Dr. Hoey a century ago but he recorded only about the height of the stupa to be of fifty feet and did not come back again and wrote nothing more about the stupa.

After Dr. Hoey, the prominent archaeologist from India, did not actually arrive at the site but wrote merely on Ramagrama that "the investigation might be followed in Eastern Terai, an effort being made especially to fix the site of Ramagrama which is probably

north of the Gorakhpur district. He was investigating at that time specially to locate Kapilavastu in the west.

P.C. Mukherjee was followed by S.B.Deo who also merely recorded a huge stupa mound in Deoria Village, more that thirty feet in height and seventy feet in diameter. He was there in 1964.

In 1974, an archaeologist, Mr. Babukrishna Rijal from department of Archaelogy (DOA), visited the site and boldly decided the stupa to be none other than the dhatu stupa of Ramagrama. His decision was also made on the basis of calculation of the distance and direction given by the Chinese plgrims. In his words:

"If we count the distance of location and other local bearings as described by the famous Chinese travellers the stupa situated on the bank of Jharahi river can not be anything but the dhatu stupa of Lord Buddha raised by the Kolians in Ramgrama. However, to prove my hypothesis I certainly have to wait the spade of the excavator. At present I am certain to think that the postulation of Ramagrama stupa on the bank of the river Jharahi is a very logical thought, It has not become irrevocable." (Rijal, 1978:56)

Since the postulation of Mr. Rijal is presented above, let us also see what the pilgrims did write on Ramagrama. The first pilgrim, Fahien, wrote:

"East from Buddha's birthplace, and at a distance of five yojanas, there is kindon called Rama. The king of this country having obtained on portion of the relics of the Budha's body, returned with it and built over it a tope, named the Rama tope. By the side of it there was a pool, and in the pool a dragon, which constantly kept watch over (the tope), and presented offerings at it day and night. When King Asoka came forth into the world, he wished to destroy the eight topes (over the relics), and to build (instead of them) 84, 000 topes. After he had thrown down the seven (Others), he wished next to destroy this tope. But then the dragon showed itself, took the king into its place: and when he had seen all the things provided for offerings, it said to him, 'If you are able with your offerings to excewed these, you can destroy the top, and take it all away. I will not contend with you.' The king, however, knew that such appliances for offerings were not to be had anywhere in the world, and thereupon returned (without carrying out his purpose).

"(Afterwards), the ground all about became overgrown with vegetation, and there was nobody to sprinkle and sweep (about the tope): but a herd of elephants came regularly, which brought water with their trunks to water the ground, and various kinds of flowers and incense, which they presented at the tope. (Once) there came from one of the kingdoms a devotee to worship at the tope. When he encountered the elephants he was greatly alarmed, and screened himself among the trees but when he saw them go through with the offerings in the most proper manner, the thought filled him with great sadness - that there sould be no monastery here, (the inmates of which) might serve the tope, but the elephants have to do the watering and sweeping. Forthwith he gave up the great prohiitions Which he was bound), and resumed the status of a Sramanera. With his own hands he cleared away the grass and trees, put the place in good order, and made it pure and clean. By the power of his exhortations, he prevailed on the king of the country to form a residence for monks and when that was done, he became head of the monastery. At the present day there are monks residing in it. This event is of recent occurrene, but in all the succession from that time till now, there has always been a Sramanera head of the establishment" (Legge-1993:70)

The second pilgrim, Hiuen Tsiang, recorded about the same place as:

"From this, going through a wild forest about 500 li east, we come to the country of Rama (Ramagrama). This country has but few houses or inhabitants.

"To the east of the old city is a brick stupa about 100 feet high. After the Nirvana of Tathagata the old king of this country, having obtained a share of the relics [Sariras] returned home and built this stupa. It constantly emits rays of glory.

"By the side of it is a Naga tank. The Naga frequently changes his appearance into that of a man, and as such encircles the tower in the practice of religion (i.e. turning religiously with his right hand towards the tower). Wild elephants, with flowers held in their trunks, constantly come to offer their religious offerings. close by the side of this stupa is a Sangharama of which a Sramanera is the subdirector [Karmadana]. The tradition is this:There was formerly a Bhikshu who had induced some fellow-disciples to travel afield to pay reverence (to the sacred sports). Then they say the wild elephants, carrying flowers in their trunks, lay them down before this tower. And again they saw them dig up the herbage with their tusks, and in their trunks bring water for sprinking: the comapany seeing this were astonished and affected with emotion.

"There was one bhikshu in the company who resolved to give up the great rules of moral obligation, and remain there on the spot to render his religious offerings (at the shrine). Speaking to the others, he said: 'The wild elephants, beast bom as they are, know how to reverence this sacred tower; they gather flowers, and sprinkle water, and sweep Ramagrama ! How then can we, belonging to the human race and devotees of Buddha, behold this desert spot and not render our religious assitance !'

"So taking leave of his companions he remained there. He constructed a dwelling-place, cleared the land, and planted flowers, and cultivated fruits: he let not a moment pass in idleness, either during winter or summer,.

"The people of the neighboring countries, hearing of him, all contributed of their wealth and valuables to construct there with a Sangharama, and they besought this priest to take the direction of the establishment as steward. From this time through successive generations things have been managed according to this old plan" (Beal-1973:96).

With all these bearings and postulations HMG/Nepal also accepted the idea to be correct and declared the site to be protected Monument and brought it under Lumbini Development Trust. After more than two decades in 1997 the geo-physical survey around Ramagrama stupa was conducted by Bradford University of the United Kingdom in collaboration with the DOA and the financial support from UNESCO World Heritage Committee. The result showed some monastic comples in a field believed by the people to be an unlucky field. This field is located only four meters away on northwest direction from the stupa mound.

The monastic complex as recorded by geo-physical survey in flusxgate gradeometre HP (r-4) - 9.9nt and Earth Resistance (12.25 Ohms) is shown in the following plan.

A year after the result of geo-physical survey was disclosed, the DOA decided to open the monastic complex and thus in January 1999 conducted an excavation.

Since the excavation in Ramagrama was done for the first time, it planned accordingly for future excavation also, Keeping this view in mind and the physical feature of the site, the main stupa was encassed into a square of 50 x 50 mt. and all other grid of 50 mt. squares are planned. The main grid has been marked with four bench marks already. All other grids of 50x50 mt. will be laid down and the grids will be further divided

into 25x25 mt. each into four again and they are numbered ACD clockwise. Then the trenches of individual ABCD will further be marked with 25 trenches of 4x4 mt. with 1 mt. balk in between. These trenches are numbered as ABCDE and A1A, A1B, A1C, A1D, A1E and so on.

Now for reference the beggest trench of 50x50 will be numbered numerically 1, 2, 3, 4 and so on. Second trench of 25x25 mt. with ABCD and third with 4x4 mt. will be numbered as ABCDE, A1A, A1B, A1C, A1D, A1E and so on till A4A, A4B, A4C, A4D, A4E in reverse direction, our trenches this year fall on A to A3A. The trenches opened are thus A, A1B, A2A, A2B, A2C.


कर्मसिद्ध परम्परा धर्मचक्र दीपश्य विहार,
**मनाङ गुम्बाद्वारा २०५९ श्रावण ८ गते आयोजित**
१९औं पोखरा उपत्यका व्यापी बुद्ध पूजाको सफलताका लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**मनकामना फूलबारी नर्सरी**
सभागृह चोक, नयाँ सडक
पोखरा – ८, नेपाल, फोन : ०६१-३३५५८

**OUR SERVICES:** Systematic Garden Design, Construction, supervision and Provision of Gardener. Fully considering of ENVIRONMENT-POLLUTION control in future. We have extended our services at providing. Seedlings of trees at cheaper rates. We provide many kinds of seeds, indoor plants and seedlings of various flowers, fruit and Japtneese Grass.

धर्मचक्र प्रवर्तन दिवसको उपलक्ष्यमा कर्मसिद्ध परम्परा धर्मचक्र दीपश्य विहारद्धारा दस वर्ष आयोजित १९औं पोखरा उपत्यका व्यापी बुद्ध पूजा पूर्ण रुपले सफल होस्
यही हाम्रो शुभकामना

**HIMALAYAN AUTO WORLD**
Naya Bazar, Pokhara-8, Nepal
E-mail: himalayaauto@cnet.net.np
**Authorised Dealer:-**
DAELIM Motorbike (Korea), HAOQING Motorike (China), HULAS Motors (Nepal)

धर्मचक्र प्रवर्तन दिवसको उपलक्ष्यमा
**कर्मसिद्ध परम्परा धर्मचक्र दीपश्य विहारद्वारा आयोजित १९औं पोखरा उपत्यका व्यापी बुद्ध**
पूजाको हार्दिक सफलताको लागि शुभकामना ।

**GAUTAM SUPPLIERS**
*Chipple Dhoonga, Pokhara*
Tel.: 061-21854

Whole sellers & Retailers of all kinds of plywood, teak, doors, sunmica, formica & hardware goods

# २५४६ औं बुद्ध जयन्तीको अवसरमा पोखरामा विविध कार्यक्रम

शान्तिका अग्रदूत भगवान गौतम बुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाणको तीन संयोग परेको पवित्र दिन वैशाख पूर्णिमाको दिन २५४६औं बुद्धजयन्ती पोखरामा विभिन्न कार्यक्रमहरुको आयोजना गरी हर्षोल्लासका साथ सम्पन्न भयो। तेर्सापट्टीमा अवस्थित चैत्यमा विहान सवेरैदेखि पूजा संकलन गरिएपछि पञ्चशील प्रार्थना र वुद्ध पूजा संगसंगै संकलित ती पूजाथालीहरुलाई लाइनमा बसेका उपासक उपासिकाहरुले धर्मशीला बुद्ध बहाग्मा पुऱ्याएका थिए। तत्पश्चात ज्ञानमाला भजन र लामा वाजाको मधुर धुन सहितको ठूलो संख्यामा जन समुदायको सहभागितामा भगवान बुद्धकोमूर्ति सजाएर राखिएको रथलाई नगर परिक्रममा गराइएको थियो। भगवान बुद्धको मैत्री र करुणाको सन्देशलाई प्लेकार्ड र भजनको माध्यमवाट शान्तिको सन्देश फैलाउदै उक्त रथयात्रा, ज्ञानमार्ग हुँदै पालिखे चोक, महेन्द्रपुल, चिप्लेढुङ्गा, रामकृष्णटोल, भैरवटोल हुँदै धर्मसंघ बुद्ध विहार मोहरियाटोलमा पुगि समारोहमा परिणत भएको थियो।

२५४६ औं बुद्ध जयन्ती समारोह समिति पोखराका अध्यक्ष सुवर्ण बज्राचार्यको सभापतित्वमा सचिव विक्रम बुद्धाचार्यले सञ्चालन गर्नु भएको उक्त समारोहमा सदस्य कृष्ण मान गुभाजूले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। समारोहमा प्रमुख अतिथिकोआशन वाट भिक्षु सुशिलले देशमा दिन प्रतिदिन बढ्दै गएको अशान्तिको मुख्य कारण अज्ञानता हो भन्दै हामीले अज्ञानता हटाउनु पर्नेमा जोड दिनुभयो। सो अवसरमा पोखरा उप महानगरपालिकाका नगर प्रमुख कृष्ण थापा, पोखरा विश्व विद्यालयका राजिष्ट्रार प्रकाशमान गुभाजू, राज परिषद सदस्य गणेशबहादुर गुरुङ्ग र नेपाल मगर संघ कास्कीका अध्यक्ष क्या. कृष्ण व. थापा मगर लगायतका वक्ताहरुले आजको जटिल अवस्थामा बुद्ध शिक्षाको महत्व बारे चर्चा गर्नुभएको थियो।

सोही दिन ज्ञानमाला संघ द्वारा आयोजित अन्तर मा.वि. बौद्ध हाजिरी जवाफ प्रतियोगिताको फाइनल धर्मशीला बुद्ध विहार नदीपुरको प्राङ्गणमा सञ्चालन भएको थियो। सो प्रतियोगितामा न्यू मिलिनियम एकेडेमी प्रथम, कन्या मा.वि. द्वितीय, वाल विद्याल मन्दिर तृतीय भएका थिए भने एस.ओ.एस. हर्मन माइनरले सान्त्वना पुरस्कार प्राप्त गरेको थियो। जेष्ठ ३ गते देखि प्रारम्भ भएको उक्त प्रतियोगितामा पोखरा नगर भित्रका २३ वटा विद्यालयहरुको सहभागिता रहेको थियो। भुवन ताम्राकारको संयोजकत्वमा सो प्रतियोगिता सञ्चालन भएको थियो।

बुद्ध जयन्तीकै उपलक्ष्यमा जेष्ठ १० गते देखि दीपेन्द्र सभागृहमा सञ्चालन भएको पुष्प मेला २०५९ तथा चित्रकला प्रदर्शनीमा व्यक्तिगत संग्रहकर्ताहरुका वीचमा प्रतियोगिता पनि राखिएको थियो। युवा बौद्ध संघ र पोखरा पुष्प व्यवसायी संघ पोखराको संयुक्त आयोजनामा तथा पोखरा उद्योग वाणिज्य संघ, *HWK* माइन्ज जर्मनीको सहयोगमा सम्पन्न उक्त प्रदर्शनी तथा प्रतियोगितामा तुलसा श्रेष्ठ प्रथम, निर्मल बिजुकुछे द्वितीय, सरस्वती बुद्धाचार्य तृतीय र कल्याणी उदासले सान्त्वना स्थान हासिल गर्नुभएको थियो। उक्त पुष्प प्रदर्शनीको संयोजकमा विमल उदास र सह संयोजकमा पुष्प उदास रहनु भएको थियो।

उक्त हाजिरी जवाफ र पुष्प प्रदर्शनीको जेष्ठ १२ गते धर्मशीला बुद्ध विहारमा संयुक्त समापन समारोह सम्पन्न भयो। युवा बौद्ध संघका आध्यक्ष प्रकाश उदासको सभापतित्वमा ज्ञानमालासंघका सचिव विक्रम उदासले सञ्चालन गर्नु भएको उक्त समारोहमा ज्ञानमाला संघका उपाध्यक्ष गोविन्द ताम्राकारले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो। श्रद्धेय भिक्षु सुशिल, बुद्ध जयन्ती समारोह समितिका अध्यक्ष सुवर्ण बज्राचार्य र पोखरेली युवा साँस्कृतिक परिवारका अध्यक्ष सोम बज्राचार्य लगायतका वक्ताहरुले मन्तव्य व्यक्त गर्नु भएको सो समापन समारोहमा हाजिरी जवाफ प्रतियोगिताका विजयी छात्र छात्राहरु र पुष्प प्रदर्शनीका

विजयी संग्रहकर्ताहरुलाई समारोहका अतिथि पोखरा उद्योगवाणिज्य संघका अध्यक्ष वसन्त उदासले रनिङ शिल्ड, पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

सोही दिन दिउसो १ बजे देखि साँझ ५ बजे सम्म धर्मशीला बुद्ध विहारमा भगवान गौतम बुद्धको अस्थिधातु प्रर्शन गरीएको थियो भने साँझ ७ बजे धर्मसंघ बुद्ध विहार मोहरियाटोलबाट शान्ति दीपयात्राद्वारा नगर परिक्रमा गरिएको थियो । श्रद्धेय भिक्षु सुशील र जापानी भिक्षु यामामोटोको समेत उपस्थिति रहेको उक्त दीपयात्रा धर्मशीला बुद्ध विहारमा पुगि समापन गरिएको थियो । त्यसपछि ज्ञानमाला भजन, भैषज्य पूजा र पुण्यानुमोदन गरी सम्पूर्ण कार्यक्रमहरुको विधिवत समापन भएको घोषणा बुद्ध जयन्ती समारोह समितिका अध्यक्ष सुवर्ण वज्राचार्यले गर्नु भएको थियो ।

२५४६औं बुद्ध जयन्तीको उपलक्ष्यमा निम्न कार्यक्रमहरु पनि सम्पन्न भएको थियो ।

| क स | कार्यक्रम | आयोजक | संयोजक | मिति | स्थान | उद्घोषक | सभापति | प्रमुख अतिथि |
|---|---|---|---|---|---|---|---|---|
| १ | एक दिवसीय ध्यान शिविर | मैत्री सघ | गोविन्द ताम्राकार | जेष्ठ ४ | शाक्य समाज | गोविन्द ताम्राकार | भिक्षु श्रद्धानन्द | |
| २ | शान्ति पदयात्रा | बौद्ध उपा - सिका संघ | | जेष्ठ ५ | धर्मशीला बुद्ध विहारवाट धर्म संघ बुद्ध विहार | श्रीमती चन्द्र लक्ष्मी गुभाजू | श्रीमती सन्त कुमारी बुद्धाचार्य | भिक्षु श्रद्धानन्द र अनगारिका कर्मशीला |
| ३ | बुद्ध र विश्वका लागि शान्ति चित्र लेखन कार्यक्रम | युवा बौद्ध संघ र पो यु सा प. | राजदुर जोशी | जेष्ठ ५ र ६ | विश्व शान्ति स्तूप, आनन्दू | विक्रम बुद्धाचार्य | शोम बज्राचार्य | भिक्षु सुशील |
| ४ | भोजन दान तथा प्रवचन (कुष्ठ रोगीहरुलाई) | बौद्ध उपा - सिका सघ | | जेष्ठ ८ | आरोग्य आश्रम टुटुंगा | दमयन्ती शाक्य | सन्तकुमारी बुद्धाचार्य | |
| ५ | सरसफाई कार्यक्रम | | नारायण उदास | जेष्ठ ९ | धर्मशीला मार्ग, नदीपुर | | | |
| ६ | रक्तदान कार्यक्रम | युवा बौद्ध सघ | शेखर विजुक्छे | जेष्ठ ११ | धर्मशीला बुद्ध विहार | विक्रम बुद्धाचार्य | प्रकाश उदास | गणेश परियार धर्मोदय सभा क्षेत्रीय सदस्य |
| ७ | पुष्पमेला - २०५९ को उद्घाटन समारोह | युवा बौ सघ पो-पुष्प व्य स | विमल उदास | जेष्ठ १० | दीपेन्द्र सभागृह | विमल उदास | प्रकाश उदास | प्रमुख जिल्ला अधिकारी टीकाराम अर्याल |

मानिसले त्यही कुरा बोल्नु पर्दछ जसबाट आफूलाई पश्चाताप नहोस् र अरुलाई दुःख पनि नहोस् । त्यसैलाई सुभाषित मानिन्छ ।

– भगवान बुद्ध

# धर्मशीला बुद्ध बिहारमा धर्मदेशना

❑ विक्रम बुद्धाचार्य
उपाध्यक्ष, युवा बौद्ध संघ, पोखरा

जेष्ठ २५ गते शनिवार धर्मशीला बुद्ध विहारमा भिक्षु जटिलबाट भएको धर्मदेशनामा शील पालन गर्दा मानिसलाई हुने फाइदा र भंग हुंदा हुने बेफाइदा बारे विभिन्न उदाहरण दिएर व्याख्या गर्नु भयो । कुनै राजनैतिक नेता वा कुनै ठूलो पदमा रहेको व्यक्तिको ख्याति सीमित क्षेत्र वा व्यक्ति सम्म मात्र फैलिएको हुन्छ भने शीलवान व्यक्तिको ख्याति असीमित रुपले चारैतिर फैलिएको हुन्छ भन्नुभयो । त्यसैगरी कार्य कारणमा आधारित 'प्रतित्य समुत्पाद' को बारेमा सचित्र व्याख्या गर्नु हुँदै जसरी पानीमा डुबेको मानिसले अर्गाँड जे भेटे पनि समात्न खोज्छ त्यसैगरी अविद्याको कारणले अन्धकारमा परेको मानिसले थाहै नपाई कुशल, अकुशल सबै प्रकारको कार्य गर्दै आइरहेको हुन्छ । सचेत व्यक्तिले अविद्याको अन्धकारबाट मुक्त भएर कुशल कार्य गर्न तिर लाग्नु पर्दछ भन्नु भयो ।

श्रद्धेय भिक्षु श्रद्धानन्दज्यूले पंचशील प्रदान गर्नु भएपछि प्रारम्भ भएको उक्त समारोहमा ज्ञानमाला संघका उपाध्यक्ष गोविन्द ताम्राकारले धन्यवाद ज्ञापन र युवा बौद्ध संघका उपाध्याक्ष विक्रम बुद्धाचार्यले उद्घोषण गर्नु भएको थियो भने सामूहिक पुण्यानुमोदन पछि समारोहको समापन भएको थियो ।

धर्मदेशनाको कार्यक्रम जेष्ठ २७ गते लेक साइडमा २९ गते बाँफापाटन समाजमा र जेष्ठ ३१ गते बौद्ध अर्घौं सदन, गौतम बुद्ध मार्गमा र साथै जेष्ठ २२ देखि प्रारम्भ भएको भिक्षाटन जेष्ठ ३१ गते सम्म प्रत्येक दिन विहान ७ देखि १० बजे सम्म सञ्चालन भएको थियो । भिक्षु जटिल प्रमुख श्रामणेर अनागारिकाहरु रुपन्देही जिल्लाबाट पोखरामा आउनु भै भिक्षाटन कार्यमा निकै प्रभावकारी रहेको दायक सभाका सचिव कृष्णमान गुभाजूले बताउनु भयो ।

भिक्षाटन कार्यक्रम १० दिनको राखिएको भएता पनि दाताहरुको आग्रहमा अरु बढाइएको थियो ।

भिक्षु जटिल यस अघि पनि पोखरामा आउनु भएको थियो । तर यस पटकको उहाँको आगमन अरु प्रभावकारी रहयो । यस पटक उहाँ रुपन्देही जिल्लाको माडी बौद्ध विहारका श्रामणेरहरुको पठन पाठनको सहयोगको लागि भिक्षाटन गर्नआउनु भएको थियो । दाताहरुले जुन उदारतापूर्वक दान दिनु भयो त्यसबाट सो कार्यको लागि ठोस सघाउ पुगेको र त्यसको लागि धर्मशीला बुद्ध विहारले सबै दाताहरुलाई धन्यवाद दिएको छ ।

**धर्मचक्र प्रवर्तन दिवसको उपलक्ष्यमा**
*कर्मसिद्ध परम्परा धर्मचक्र दीपश्य विहारद्धारा आयोजित*
**१९औं पोखरा उपत्यका व्यापी बुद्ध पूजाको हार्दिक सफलताको लागि शुभकामना ।**



Karma
**HOTEL BUDDHA**
*Braka Village (3475m) Manang*
Annapurna Circuit
Nepal



# बौद्ध अर्घौं सदनमा बुद्ध जयन्ती

पोखरा/गौतम बुद्ध मार्ग स्थित बौद्ध अर्घौं सदनद्वारा २५४६ औं बुद्ध जयन्ती बुद्ध पूजा, धार्मिक सभा र प्रवचनको कार्यक्रम राखी मनाएको समाचार छ । जेष्ठ ८ गते देखि १२ गते सम्म मनाइएको कार्यक्रमहरुमा ८ गते पहिलो दिन तमु समाजहरुबाट सदनको हाताभित्र सरसफाई, ९ गते हरियो खर्क अस्पतालका बिरामीहरुलाई फलफूल वितरसण र ९ र १० गते अपरान्ह खेम्पो वागीन्द्रशीलबाट मतिशोधन विषयमा धर्म देशना तथा ११ कार्य समिति, उप समिति, आमा समूह, स्वयं सेवकहरु र फिर्के समाजबाट १२ गते बुद्ध जयन्तीको मुख्य कार्यक्रमको तैयारी र सरसफाई गरिएको थियो ।

१२ गते बुद्ध जयन्तीको उपलक्ष्यमा विहान बुद्ध पूजा गरी वत्ती वालिएको थियो भने त्यसपछि प्रसाद वितरण गरिएको थियो ।

त्यसपछि अपरान्ह उद्योग वाणिज्य तथा आपूर्ति सहायक मन्त्री प्रकाश वहादुर गुरुङ्ग को प्रमुख आतिथ्यमा धार्मिक सभा सञ्चालन गरिएको थियो । सहायक मन्त्री गुरुङ्गले बुद्ध धर्म आज विश्व धर्म भएकोले हामीले यसलाई गौरवको साथ अपनाउनु पर्दछ भन्नु भयो । उहाँले भन्नु भयो । उहाँले बुद्ध धर्म मान्ने हामीले बुद्धको शिक्षा र सिद्धान्तलाई राम्ररी बुझेर व्यवहारमा लागु गर्नु पर्ने कुरामा जोडदिनु भयो ।

भिक्षु महासंघबाट आउनु भएका भिक्षु शुशीलले हत्या, हिंसा, आतङ्क फैलिएको समाजमा बुद्ध शिक्षाको अरु आवश्यक भएको वताउनु भयो । उहाँले बुद्ध शिक्षा प्रचार गर्न सवै बौद्धहरु एक हुनुपर्ने कुरामा जोड दिनु भयो ।

सदनका अध्यक्ष क्या. उमरध्वज गुरुङको सभापतित्वमा भएको समारोहमा उपाध्यक्ष वीर बहादुर गुरुङ्गले स्वागत भाषण गर्नु भएको थियो भने सभापति गुरुङ्गले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

समारोहको शुरुमा पञ्चशील प्रदान र लामाद्वारा शरण गमन गरिएको थियो भने सदनलाई विशेष सहयोग गर्ने महानुभावहरुलाई प्रशंसा-पत्र प्रदान गरिएको थियो ।


धर्मचक्र प्रवर्तन दिवसको उपलक्ष्यमा

कर्मसिद्ध परम्परा धर्मचक्र दीपश्य विहारद्वारा

यस वर्ष आयोजित १९औं पोखरा उपत्यका व्यापी बुद्ध पूजा

पूर्ण रुपले सफल होस्, यही हाम्रो शुभकामना छ ।

प्रो. टेक बहादुर राना मगर "विश्वास"

श्री सितला देवी स: मिल

माटेपानी-१२, पोखरा


बुद्ध धर्मले कहिल्यै हात हतियारको नाम लिएन । तैपनि यो धर्म संसारको ठूलो भूभागमा आश्चर्यजनक रुपले फैलिएको छ ।

- टी.एस.हक्ले



Wondershare PDFelement

# विराटनगरमा २५४६औं बुद्ध जयन्ती

विराटनगरमा २५४६औं बुद्ध जयन्ती २०५९ ज्येष्ठ १२ गते वैशाख पूर्णिमाको दिन विहान ७.३० बजे शान्ति रथ यात्रा गरी विराटनगर उ.मा.नगरको विभिन्न स्थान, शहरहरू परिक्रमा गरी बुद्ध विहार पुगेपछि बुद्ध धर्म र संघको गुणनुस्मरण गरी बुद्ध पूजा गरिए पछि (पञ्चशील, अष्टशील) २५४६औं बुद्ध जयन्ती समारोह समितिका प्रतिनिधि भिक्षुद्वारा, पञ्चशील, अष्टशील प्रदान गरियो । त्यस पछि अमिप र प्रतिपत्ति पूजा सकिए पछि उक्त विहारको प्राङ्गणमा धार्मिक सभा भयो ।

धार्मिक सभाको उद्‌घाटन भिक्षु श्रद्धानन्दले झण्डोत्तलन गरी गर्नु भयो । भिक्षु श्रद्धानन्दद्वारा पञ्चशील प्रदान गरिए पछि समारोह को कार्यक्रम अघि बढ्यो । सो समारोहमा प्रमुख अतिथि नगर प्रमुख रमेश चन्द्रले बुद्ध जयन्तीको को उपलक्ष्यमा शान्तिको लागि बुद्ध शिक्षाको महत्व माथि प्रकाश पार्नु भयो ।

२५४६औं बुद्ध जयन्ती समारोह समिति तथा अखिल नेपाल भिक्षु हासंघका प्रतिनिधि भिक्षु श्रद्धानन्दले आजको सन्दर्भमा बुद्धको मैत्री भाव र अरु दुश्मन माथि विजय प्राप्त गर्नु भन्दा आफै माथि विजय प्राप्त गर्न सक्ने शिक्षा धारण गरेर आचरण गर्न सकेमा शान्ति प्राप्त गर्न सक्ने कुरा धर्म देशनामा बताउनु भयो ।

उक्त समारोहमा प्रमुख जिल्ला अधिकारी दोलख वहादुर गुरुङ्ग, जिल्ला विकास समितिका सभापति खड्ग वहादुर वस्नेत, प्रहरी उपरीक्षक छोम्पा शेर्पा आदिले शान्तिको कामना गरी बोल्नु भएको थियो ।

उक्त सभामा बुद्ध विहारलाई विशेष महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई दोसल्ला ओढाई खादा ओढाई र प्रशंसा पत्र प्रदान गरेर सम्मान गरिएको थियो । वढी चन्दा दिई सहयोग गर्ने चन्दा दातालाई पनि खादा ओढाई सम्मान गरिएको थियो । काठमाण्डौं निवासी श्रीमती केशरी वज्राचार्यको प्रायोजनमा ज्येष्ठ बौद्ध महिला श्रीमती चन्द्रमाया तुलाधरलाई दोसल्ला ओढाई सम्मान गरियो । सम्मानित व्यक्तिहरु हुन् हुन्छ ।

(१) श्री चिरञ्जीवि प्रसाद दाहाल जग्गा दाता

(२) श्रीमती चन्द्रमाया तुलाधर - बुद्ध विहारलाई वढी चन्दा दाता तथा ज्येष्ठ बौद्ध महिला

(३) विराट बौद्ध संघका आजीवन सदस्यहरुलाई सदस्यताको प्रमाण पत्र वितरण गरियो ।

साप्ताहिक कार्यक्रम अन्तर्गत युवा बौद्ध संघद्वारा सञ्चालित बौद्ध हाजिरी जवाफ प्रतियोगितामा प्रथम द्वितीय र तृतीय हुने स्कूललाइ प्रमुख अतिथिबाट पुरस्कार प्रदान गरियो । सभाका अध्यक्ष श्री धर्मकुमार हलवाईले आफ्नो मन्तव्य व्यक्त गर्नुभयो ।

समारोह समितिका उपाध्यक्ष श्री मोहन प्रसाद शाक्यले धन्यवाद ज्ञापन गर्नुभयो । उक्त सभामा बुद्ध जयन्तीका अर्का उपाध्यक्ष श्रीमती लक्ष्मी प्रधानले स्वागत भाषण गर्नु भएको थियो भने सुश्री सोनिला शाक्यले कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।

२५४६औं बुद्ध जयन्तीको उपलक्ष्यमा भएको ६ जेठ देखि ११ गते सम्मको साप्ताहिक कार्यक्रम अन्तर्गत बुद्ध पूजा, ज्ञानमाला भजन, हाजिरी जवाफ, प्रवचन गोष्ठी, भयो र पूर्णिमाको दिन धर्मोदय सभाको आयोजनामा विश्व शान्तिको कामना गरी बेलुका ६.०० -६.३० सम्म ध्यानको कार्यक्रम भयो । सोहि दिन बेलुका भैषज्य पूजा गरी कार्यक्रम समापन गरियो ।

# बुद्धको महिमा



□ श्रीमती मैना गुरुङ
अन्नपूर्णटोल, पोखरा- १०

शान्तिका अग्रदूत तिमी
अहिंसाका पूजारी तिमी
सारा जगतका मार्ग दर्शक तिमी
बुद्ध तिम्रो महिमा अपार छ ।

संसारका दिव्य ज्योति तिमी
धैर्यताका पाठशाला तिमी
माया र ममताका खानी तिमी
बुद्ध तिम्रो महिमा अपार छ ।

आदर्शका महाज्ञानी तिमी
दयाका प्रतिमूर्ति तिमी
करुणाका मालिक तिमी
बुद्ध तिम्रो महिमा अपार छ ।

सगरमाथाका हिम शिखरमा तिमी
समुन्द्रका निलकमलमा तिमी
हरेक प्राणीका श्वास प्रश्वासमा तिमी
बुद्ध तिम्रो महिमा अपार छ ।

# मान्छे तिमी

बन्दुक र तरवारले सजिएर होइन तिमी
कापी र कलमसँग आत्म सात गर्नुपर्छ ।
रगतको होली खेल्ने होइन तिमी
नैतिकवान र पौराखी हुनु पर्छ ।

बिसंगतिलाई अंगाल्ने होइन तिमी
सत्य र सुमार्गको नाता गाँस्नु पर्छ ।
हत्या र हिंसा बिसाएर तिमी
आमाको आँसु पुछ्नु पर्छ ।

बुद्धले शान्ति ल्याएको देश
तिमीले पनि शान्तिको गीत गाउनु पर्छ ।
चन्द्र र सूर्य, सगरमाथा जस्तै
तिमी पनि स्वाभिमानी बन्नु पर्छ ।

## गुभाजू रजिष्टारमा पुन: नियुक्त

पोखरा/ धर्मोदय सभा, कास्कीका पूर्व सचिव तथा सभाका केन्द्रीय सदस्य प्रकाशमान गुभाजू पोखरा विश्व विद्यालयको रजिष्टार पदमा नियुक्त हुनु भएको छ । उहाँ यस अधि पनि सोही पदमा हुनुहुन्थ्यो ।

धर्म चक्षु परिवार उहाँको कार्यकालको सफलताको लागि हार्दिक कामना गर्दछ ।

## भिक्षु सुदर्शन महास्थविर अस्वस्थ

काठमाण्डौं/ अखिल नेपाल भिक्षु महासघका उपाध्यक्ष भिक्षु सुदर्शन महास्थविर विभिन्न रोगबाट पीडित भै गंगालाल हृदय रोग प्रतिष्ठानमा भर्ना हुनुभएको छ ।

भरखरै प्राप्त समाचार अनुसार उहाँको स्वास्थ्यमा क्रमिक सुधार भैरहेकोले उहाँको शिघ्र स्वास्थ्य लाभको लागि धर्मशीला बुद्ध विहारले पूजा पाठ गरेको थियो। उहाँको निधन श्रावण ५ गते भयो।

## व. आ. कनकद्वीप प्रति श्रद्धाञ्जलि

पोखरा/ धर्मचक्षु पत्रिकाका नियमित लेखक तथा बौद्ध विद्वान व.आ.कनक द्वीपको हालै काठमाण्डौंमा असामयिक निधन भएकोमा हामीलाई गहिरो दुःख लागेको छ ।

उहाँ धर्म, साहित्य, भाषा, राजनीति, यौन आदि सबै विषयमा धारा प्रवाह लेख्नु हुन्थ्यो । यौन साहित्यको फाँटमा उहाँ वात्स्यायनको नामबाट सुपरिचित हुनुहुन्थ्यो । परिवर्तन र प्रगतिको चाहना गर्ने उहाँका लेखहरु आलोचनात्मक हुने गर्दथ्यो । जसबाट परम्परावादीहरुले धेरै पटक गुनासो पनि गरेको थिए । तैपनि उहाँले आफ्नो कलमलाई कहिले पछाडि फर्काउनु भएन । उहाँको निधनले अपूरणीय क्षति भएको छ ।

धर्म चक्षु परिवार उहाँको निर्वाण लाभको कामना गर्दछ र शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दछ ।

धर्मचक्र प्रवर्तन दिवसको उपलक्ष्यमा

कर्मसिद्ध परम्परा धर्मचक्र दीपरय विहारद्वारा

आयोजित १९औं पोखरा उपत्यका व्यापी बुद्ध

पूजाको हार्दिक सफलताको लागि शुभकामना ।

**बिन्धेश्वरी फर्निचर उद्योग**

पोखरा औद्योगिक क्षेत्र

फोन न. २०५९८, २७८३८

आधुनिक प्रकृयाद्वारा उत्पादन गरिने आकर्षक डिजाईन तथा अति नै भरपर्दो फर्निचरहरुका लागि हामीलाई सम्झनुहोस् ।

धर्मचक्र प्रवर्तन दिवस

**आषाढ पूर्णिमाको उपलक्ष्यमा आयोजित**

१९औं पोखरा उपत्यकाव्यापी बुद्ध

पूजाको सफलताको लागि हार्दिक

कामना ।

**ताङ्बे निर्माण सेवा**

सृजनाचोक, पोखरा

**फोन २८००९**





# HOTEL FEWA PRINCE PVT. LTD.

## SPECIAL OFF SEASON DISCOUNT

**ON ROOM**

**&**

**Swimming pool, Food & Beverage**

**Our Facilities**

- Ample Car Parking
- Garden facilities
- We o[illegible] children party, meet[illegible] conference, outdoor catering, marria[illegible] and many more

**For Information**

Pokhara :- **Tel.:** 24701 **Fax** : 24881
**E-mail:** fprince@cnet.wlink.com.np
Kathmandu :
**Tel.:** 254123 / **Fax:** 241721
**E-mail:** hotel@fewaprince.wlink.com.np
**Website:** www.fewaprince.com